



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३२ अंक २०३ काठमाडौं | २३ भदौ २०८१ आइतबार भाद्र शुक्लपक्ष पञ्चमी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, September 8, 2024 | पृष्ठ १० | १० रुपैयाँ

## चक्रपथको पहिलो खण्ड सकिएको ६ वर्षपछि दोस्रो खण्डको सुरसार

**कोटेश्वरदेखि कलंकीसम्म १०.३९ किमि सडक २०६९ मा ठेक्का लागे पनि ६ वर्षपछि सकिएको थियो, अब कलंकीदेखि बसुन्धरासम्म ८.२ किमि सडक बनाउने तयारी छ, बसुन्धरादेखि कोटेश्वरसम्मको सडक कहिले बन्ने निश्चित छैन**

**विमल खतिवडा** (काठमाडौं)

चक्रपथको पहिलो खण्ड निर्माण सकिएको ६ वर्षपछि बल्ल कलंकी-बसुन्धरासम्मको दोस्रो खण्ड विस्तारको प्रक्रिया सुरु भएको छ । कोटेश्वर-कलंकी पहिलो खण्डको काम २०६९ मा सुरु भई २०७५ सालमा सकिएको थियो । त्यसलगत्तै ८.२ किलोमिटरको दोस्रो खण्ड विस्तारको काम सुरु हुनुपर्नेमा नेपाल सरकार र त्यसपछि चीनले ढिलाइ गर्दा कामले गति लिन सकेको थिएन ।

यही भदौ ६ मा नेपाल र चीन सरकारका प्रतिनिधिबीच विस्तारमा सहयोग गर्नेसम्बन्धी पत्रमा हस्ताक्षर भएपछि दोस्रो खण्ड निर्माणको प्रक्रिया सुरु भएको हो । जबकि चीनसँग सन् २०१८ मा यो सडक खण्ड विस्तारका लागि जीटुजी सम्झौता भएको थियो । चीन सरकारले पूर्वतयारीका काम नटुंग्याई आफूहरू नआउने अडान लिँदै आएको थियो ।



तस्बिर : सफलप्रकाश श्रेष्ठ/कान्तिपुर

यहीबीचमा कोरोना महामारीका कारण थप काम अघि बढ्न सकेन । नेपाल सरकारलाई पूर्वतयारीको काम सक्न पनि हम्मेहम्मे नै पर्‍यो । पूर्वतयारी त सकियो, तर चीन सरकारले तत्काल काम अघि बढाउनेबारे कुनै निर्णय दिएन । जसले गर्दा तयारीका नाममा कलंकीदेखि वसुन्धरासम्मका स्थानीयले झन्डै चार वर्षदेखि हिलो र धूलोको सास्ती खेप्नुपरेको छ । यो क्षेत्रको व्यापार व्यवसाय चौपट्ट मात्र बनेको छैन, कतिले त धूलोले गर्दा नै व्यवसाय छाड्नुपरेको स्थानीय बताउँछन् । स्थानीयले निर्माणको काम छिटो अघि बढाउन दबाब दिँदै आन्दोलनसमेत गर्नुपरेको छ ।

विस्तारमा ढिलाइ भएपछि सरकारलाई दबाब दिन गत असार १५ मा सांसद (हाल स्वास्थ्य तथा जनसंख्यामन्त्री) प्रदीप पौडेल नेतृत्वको टोलीले सामूहिक पैदल यात्रा गरेको थियो । पौडेल नेतृत्वको टोलीले कलंकीदेखि चाबहिलसम्म करिब १२ किलोमिटर पैदल यात्रा गरेको थियो । बाँकी पृष्ठ ८

## सरकारी मेडिकल कलेज अब ६ प्रदेशमा

**हाल वाग्मतीको काठमाडौं उपत्यका, कोशीको धरान र कर्णालीको जुम्लामा सहकारी मेडिकल कलेज सञ्चालनमा रहेकोमा अब मधेशको जनकपुर, लुम्बिनीको दाङ, गण्डकीको पोखरामा पनि**

**सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगले सरकारी तबरमा सञ्चालित तीन स्वास्थ्य विज्ञान प्रतिष्ठान र एक निजी मेडिकल कलेजलाई एमबीबीएस लगायत चिकित्सा शिक्षा अध्यापन गराउन सिट निर्धारण गरेको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखराको सिट निर्धारण गरिएको हो । योसँगै अब सरकारी मेडिकल कलेज ६ प्रदेशमा पुगेका छन् ।

आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाका अनुसार झापाको बिर्तामोडस्थित बीएन्डसी मेडिकल कलेज एन्ड रिसर्च सेन्टरमा पनि सिट निर्धारण भएको छ । यी चार शिक्षण संस्थामा सन् २०२५ ब्याचदेखि चिकित्सा शिक्षामा एमबीबीएसलगायत स्नातक तह पठनपाठन गराउन आयोगले सिट निर्धारण गरेको हो । बाँकी पृष्ठ ८

### सुदूरपश्चिमलाई बेवास्ता



**अर्जुन शाह** (धनगढी)

सुदूरपश्चिममा मेडिकल शिक्षा अध्यापन गराउने उद्देश्यले कैलालीमा गेटा मेडिकल कलेजका लागि संरचना निर्माण गरिए पनि सरकारी बेवास्ताका कारण सञ्चालनमा आउन सकेको छैन । बाँकी पृष्ठ ८

### कान्तिपुर जनमत

**नतिजा**

दुग्ध विकास संस्थान (डीडीसी) लाई सरकारले पटक-पटक गरी १२५ करोड ऋण दिने भएपछि के अब किसानले दूधको भुक्तानी पाउलान् ?

| | |
|---|---|
| डीडीसीले भुक्तानी दिनेमा अझै शंका छ | ४६.९५% |
| अबचाहिँ साँच्चै पाउँछन् | ९.६६% |
| तलब भत्ता र सेवा सुविधामा खर्च गर्न सक्छ | ४०.८६% |
| केही भन्न चाहन्नँ | २.५३% |

**आजको प्रश्न**

निजामती सेवा दिवसमा यस वर्ष पनि सरकारले पुरस्कृत गर्ने सर्वोत्कृष्ट कर्मचारी छनौट नगर्नुको कारण के होला ?

आफ्नो राय राख्न जानुस् www.ekantipur.com वा Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

### भित्र

खरानीबाट ब्युँतेको नेबिको





मेड इन नेपाल

# खरानीबाट ब्युँतेको नेबिको

**छोटो समयमै नेबिको पुनर्जागृत भएर बजारमा आयो । त्यसबीच न त कम्पनीले कर्मचारी कटौती गऱ्यो, न उद्योग धराशायी बन्यो । बरु, एकै ठाउँमा सीमित नभई अन्य सहरमा पखेटा फिँजाउने गरी बलियो भएर नेबिको हेटौंडामा ४० करोड लगानीमा मासिक १ हजार टन उत्पादन गर्न सक्ने गरी कारखाना निर्माणको यात्रामा छ**



**राजु चौधरी र सजना बराल** (काठमाडौं)

नेबिको इज ब्याक ।

'फ्रम एसेज...'

अर्थात्- खरानीबाट फेरि ब्युँतियो नेबिको । आगलागीले कारखाना ध्वस्त भएको एक वर्षपछि बिस्कुट तथा कन्फेक्सनरी उत्पादक कम्पनी नेबिकोले यही ब्यानरमा पुनः उत्पादन सुरु गरेको थियो । कुनै समय नेपालको घर-घरमा लोकप्रिय नेबिकोका उत्पादनहरू अहिले फेरिएको रूप र शैलीमा पुनः लोकप्रिय बनिरहेका छन् । विभिन्न चुनौती झेल्दै कम्पनीका केही उत्पादन त 'सबैलाई मनपर्ने नेबिको' भन्ने नाराका साथ ६ दशकदेखि निरन्तर चर्चामा छन् ।

२०७८ साउन २३ मा भएको आगलागी नेबिको बिस्कुटको ६० वर्षे इतिहासमा सबैभन्दा दुःखद् पल थियो । काठमाडौं बालाजुस्थित कारखानामा आगो दन्किँदा त्यहाँका मजदुर सडकमा उभिएर धरधरी रोएका थिए । कोरोनो महामारीका बेलासमेत उचित सुरक्षा प्रबन्ध मिलाएर कम्पनीले गरिखाने वातावरण दिएको भन्दै उनीहरूले कारखाना जल्दा आफ्नै मुटु जलेसरह भएको प्रतिक्रिया दिएका थिए । राति २ बजे आगो लागेको खबर सुन्नासाथ मजदुरहरू रातारात दौडिएर कारखानामा भेला भएको दृश्य वास्तवमै मर्मस्पर्शी थियो । लगातार ११ घण्टासम्म भएको आगलागीबाट कम्पनी पूर्ण रूपमा क्षतिग्रस्त बनेको थियो ।

> २०७८ साउन २३ मा भएको आगलागी नेबिको बिस्कुटको ६० वर्षे इतिहासमा सबैभन्दा दुःखद पल थियो, काठमाडौं बालाजुस्थित कारखानामा आगो दन्किँदा यसका मजदुर सडकमा आएर धरधरी रोएका थिए

कारखाना जलेर उत्पादन ठप्प भएपछि नेबिकोको भविष्यलाई लिएर कर्मचारी र मजदुरहरूमाझ अन्योलता छायो । सबै सखाप भएको ठानी उनीहरू भक्कानिए । हुन पनि त्यो बेला करिब २६ करोड रुपैयाँको क्षति भएको थियो । विद्युत् सर्ट सर्किट भएर आगलागी हुँदा उत्पादन ठप्प भयो, डिलरहरू पन्छिए भने उपभोक्तासमेत अरू उत्पादनतिर लागे । कम्पनीले ठूलो बजार हिस्सा गुमाउनुपऱ्यो । त्यसबाट तंग्रिन अझै पनि कसरत गरिरहेको नेबिको बिस्कुटका प्रमुख कार्यकारी अधिकृत (सीईओ) होमनाथ न्यौपानेको अनुभव छ ।

'आगलागीअघि केही उत्पादनमा हामी देशभर पहिलो नम्बरमा थियौं भने डाइजेस्टिभ, सुगर फ्रिलगायत सेग्मेन्टमा लिड गर्दै थियौं तर आगलागीका कारण अहिले तेस्रो/चौथो नम्बरमा झरेका छौं,' न्यौपाने भन्छन्, 'हाम्रा कतिपय भेराइटी गायब नै भए । त्यो हाम्रा लागि सबैभन्दा चुनौतीपूर्ण समय थियो ।' तथापि, खरानीबाट पुनः ब्युँतिने फिनिक्स चराजस्तै छोटो समयमै नेबिको पुनर्जागृत भएर बजारमा आयो । त्यसबीच न त कम्पनीले कर्मचारी कटौती गऱ्यो, न उद्योग धराशायी बन्यो । बरु, एकै ठाउँमा सीमित नभई अन्य सहरमा पखेटा फिँजाउने गरी बलियो भएर नेबिको विस्तार यात्रामा लम्किएको छ । हेटौंडामा ४० करोड लगानीमा मासिक एक हजार टन उत्पादन गर्न सक्ने गरी कम्पनीले कारखाना स्थापना गरिरहेको छ ।



होमनाथ न्यौपाने, प्रमुख कार्यकारी अधिकृत, नेबिको

कम्पनीमा हाल ५ सय जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने ८ देखि ९ हजारले अप्रत्यक्ष रूपमा रोजगारी प्राप्त गरेको न्यौपाने बताउँछन् । 'पहिले काठमाडौंमा मात्रै उत्पादन हुन्थ्यो, आगलागीपछि भैरहवामा पनि प्लान्ट खोल्यौं, नयाँ मेसिन ल्याएर ठूलो परिमाणमा उत्पादन गर्न थाल्यौं, अहिले हामीसँग नेपालकै सबैभन्दा ठूलो मेसिन छ,' उनले भने, 'मेसिन ठूलो भएकाले पूर्ण क्षमतामा काम हुन सकेको छैन । आर्थिक मन्दीका कारण पनि ५० प्रतिशत मात्रै उत्पादन भइरहेको छ ।' उनका अनुसार नेबिकोले दैनिक ३० टन बिस्कुट उत्पादन गर्दै आएको छ भने ५० लाख रुपैयाँ हाराहारीको उत्पादनहरू बजार पठाउने गरेको उनले बताए ।

**ग्लुकोजदेखि क्रुमक्रुम चिउरासम्म**

विगतमा बिस्कुट मात्रै उत्पादन गर्नेमा नेबिकोले अहिले कन्फेक्सनरी, सिरियल्स, बेकरीलगायत पनि उत्पादन गर्ने गरेको छ । ग्लुकोज, खाजा बिस्कुट, थिन एरोरुट, कोकोनट, बटर कुकिज, साल्टिनो, बाइट्स, डाइजेस्टिभ बिस्कुट हुँदै नेबिकोका कच्चा म्याङ्गो, कुलर्सजस्ता चकलेट र चोकोज, मुस्ली, ओट्स, चिउरा र बेकरीका परिकारहरू पनि तयार गर्ने गरेको छ । नेबिकोसँगै खुलेका हुलास, गोर्खा, सुदूर फुड, मकवानालगायत बिस्कुट कारखाना बन्द भए पनि नेबिको ६ दशकदेखि सञ्चालनमै छ ।

नेबिकोको यति लामो सफलताको प्रमुख आधार भनेको निरन्तरको गुणस्तरमार्फत 'ब्रान्ड भ्यालु' कायम राख्नु महत्त्वपूर्ण पाटो भएको न्यौपानेको दाबी छ । 'चिनी, दूध, मैदाजस्ता कच्चा पदार्थको भाउ बढ्दा पनि हामी हाम्रा उत्पादनको मूल्य जथाभावी घटबढ गर्दैनौं,' उनले भने, 'हाम्रो ब्रान्ड हेर्ने छुट्टै टिम छ र त्यसले ब्रान्ड डिजाइन, ब्रान्ड अडिट र बजारको प्रतिक्रिया लिने काम गर्छ ।' बजारको प्रतिक्रिया बुझ्न विभिन्न ठाउँमा केही 'आउटलेट' राखेको र त्यसबाट आएको निष्कर्षअनुसार परिमार्जनसमेत गर्ने गरेको उनले बताए ।

यद्यपि, कम्पनीले गुणस्तर कायम गर्न खोजे पनि कतिपय कुरा आफूहरूको नियन्त्रणमा नरहेको न्यौपाने भनाइ छ । पहिले-पहिले कतिपय कच्चा पदार्थ स्वदेशमै उत्पादन हुने गरेकोमा अहिले विदेशबाट आयात गर्दा कहिलेकाहीं कमसल पर्ने उनले गुनासो गरे । 'यो हाम्रो मात्र नभएर सबै उद्योगको समस्या हो किनभने बेलाबखत गहुँ लगायतका कच्चा पदार्थ सोचेजति गुणस्तरको आउँदैनन्,' उनले भने, 'हाम्रो हातमा हुने मैदाजस्ता कच्चा पदार्थमा भने हामी कहिल्यै तलमाथि गर्दैनौं ।' कतिपयले भने कोकोनट, थिन एरोरुट, ग्लुकोजजस्ता बिस्कुट पहिलेको तुलनामा अहिले कम स्वादिला हुने, दुर्गन्ध आउने, पिठोजस्ता फ्यास-फ्यास हुने र धुल्लिने गुनासो गर्छन् ।

**तत्कालीन राजा महेन्द्रको पहल**

नेबिकोलाई नेपालको सबैभन्दा पुरानो उद्योगका रूपमा लिने गरिएको छ । यसका संस्थापक गोरखबहादुर श्रेष्ठ, महन्तलाल श्रेष्ठ, पद्म विश्मानन्द वैद्य हुन् । न्यौपानेका अनुसार तत्कालीन राजा महेन्द्रको पहलमा यो कम्पनी सुरु भएको थियो । २०२१ सालमा स्थापना भए पनि २०२२ सालबाट उद्योग सञ्चालनमा आयो । नेसनल बिस्कुट कम्पनी (नेबिको) का नाममा २०२२ सालमा दर्ता हुँदा त्यो बेला नेपालमा विराटनगर जुट मिलबाहेक सम्झनलायक थप उद्योग थिएनन् ।

महेन्द्रले औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेर २०२० सालमा काठमाडौंको बालाजुमा औद्योगिक क्षेत्रको उद्घाटन गरेका थिए । अझै पनि यस कम्पनीको प्रमुख हिस्सा पूर्वराजपरिवारसँग नै छ । कम्पनीको सेयर ९५ प्रतिशत राजबहादुर सिंहको कम्पनी र व्यक्तिगत स्वामित्वमा छ । उनी नै यसका अध्यक्ष हुन् । सिंह पूर्वराजा ज्ञानेन्द्रका छोरीज्वाइँ हुन् । बाँकी ५ प्रतिशत सेयर भने संस्थापक प्रमोटरका परिवारको नाममा भएको न्यौपानले खुलाए ।

सोही ५ प्रतिशतले ८०/८२ लाख रुपैयाँ बराबरको लगानीमा सुरु गरेको कम्पनीको मूल्य अहिले झन्डै १० गुणा पुगेको उनको दाबी छ । नेबिकोसँगै सुरु भएको गोर्खा, हुलास लगायतका बिस्कुट कम्पनीहरू बन्द भइसकेका छन् । करिब १० वर्ष अगाडिसम्म २८ वटा यस्ता कम्पनी सञ्चालनमा रहेकोमा तीमध्ये १० वटा बन्द भइसकेको न्यौपाने सम्झन्छन् । 'यसमा दुई/तीनवटा कारण छन्, भारतमै हेर्ने हो भने सोही समय आसपास स्वचालित प्रविधिबाट ठूलो परिमाणमा बिस्कुट उत्पादन हुन थालेपछि ठूला कम्पनी मात्रै टिक्न सके,' उनले भने, 'भारतजत्रो देशमा पनि ६५ वटाबाट १० वटा मात्रै टिकेको देखियो । बाँकी साना कम्पनीहरूलाई एकदमै कम मूल्यमा ठूला कम्पनीहरूले खरिद गरे ।'

करिब ८०/८२ लाख रुपैयाँबाट सुरु गरेको कम्पनीमा लगानी नै २५ करोड रुपैयाँ पुऱ्याएको र समयअनुसार अपग्रेड गर्दै लगेकाले मात्र धेरै बिस्कुट उद्योग बन्द हुँदा पनि नेबिको निरन्तर अघि बढ्न सफल भएको न्यौपानको निष्कर्ष छ । 'निर्यात गर्न खुलेका कतिपय बिस्कुट कम्पनीहरू बन्द भएपछि रोजगारी र राजस्व गुम्यो भने अर्थतन्त्रमा पनि नोक्सानी भयो,' उनले भने, 'अहिले पनि १७/१८ वटा उद्योग सञ्चालनमा छन् । र, ती सबै स्वदेशी हुन् । हामीले स्वदेशी र विदेशी दुवै कम्पनीहरूसँग प्रतिस्पर्धा गरेरै बजारमा टिकेका छौं ।' विदेशी स्वामित्वको पार्ले, ब्रिटानिया लगायतका कम्पनीहरू रहेको र आफूहरूले गुणस्तर र मूल्य दुवैमा बहुराष्ट्रिय कम्पनीहरूभन्दा उम्दा उत्पादन गरिरहेको कम्पनीको दाबी छ ।

**पब्लिक कम्पनी बनाउने पहल**

स्थापनायता निजी कम्पनीका रूपमा रहँदै आएको नेबिकोलाई पब्लिक कम्पनी बनाउने पहल सुरु गरेको न्यौपानेले जानकारी दिए । 'प्रक्रिया पूरा गर्न केही समय लाग्ने भए पनि पब्लिक कम्पनी बनाउँदा बैंकिङ वा ऋण लगायतका वित्तीय प्रक्रियाका लागि सजिलो हुने भएकाले हामीले त्यो प्रयास सुरु गरेका छौं,' उनले भने, 'पब्लिकमा गएपछि कम्पनीप्रतिको उपभोक्ताको राय र सर्वसाधारणको रुचि लगायतका विषय बुझ्न पनि सजिलो हुन्छ । औद्योगिक क्षेत्रमा भएकाले अहिले हामीलाई जग्गा धितो राख्न नमिल्ने अवस्था छ र पब्लिक भएपछि सेयर नै धितो राख्न मिल्छ ।'

भैरहवा र हेटौंडाको औद्योगिक क्षेत्रमा आफ्नै जग्गा भएको र हेटौंडामा भवनसमेत निर्माण भइसकेको बताउँदै उनले अब एक वर्षमा उत्पादन सुरु हुने योजना सुनाए । प्रतिघण्टा २ टन उत्पादन क्षमता रहेको उक्त प्लान्टले वार्षिक १ सय करोड बराबरको कारोबार गर्ने उनको दाबी छ । हाल बेलायत, अस्ट्रेलिया जस्ता देशमा अप्रत्यक्ष रूपमा निर्यात हुने गरेको आफ्नो उत्पादनलाई प्रत्यक्ष बनाउने र अन्य देशमा पनि निर्यात गर्न आवश्यक मापदण्ड पूरा गरेर प्रक्रिया अगाडि बढाउने कम्पनीको योजना छ ।

**बिस्कुट उद्योगका चुनौती**

नेपालमा उद्योग क्षेत्रमा काम गर्न प्रशस्तै चुनौतीहरू रहेको र तीमध्ये प्रमुख ब्याजदरको नीति र बैंकिङ प्रणाली भएको न्यौपानेले बताए । 'बैंकको ब्याजदर धेरै परिवर्तन भएको छ भने जग्गाको भाडादर पुरानो मितिमा समेत लागू हुने गरी बढाइएको छ,' उनले भने, 'हाम्रोजस्तो रोजगारी सिर्जना गर्ने कम्पनीलाई सरकारले सहुलियत र प्रतिस्पर्धामा सघाउने नीति ल्याएको छैन ।' यति ठूलो जनशक्ति काम नपाएर विदेशिएको अवस्थामा निर्यात गर्न सकिने किसिमका नेबिकोजस्ता कम्पनीहरूलाई सरकारले प्रवर्द्धन र सहयोग गर्नुपर्ने उनको सुझाव छ ।

सरकार परिवर्तन भएपिच्छे र अर्थमन्त्री, गभर्नर नयाँ आउनेबित्तिकै रातारात नीति परिवर्तन हुने अवस्थाको पनि उनले आलोचना गरे । यस्तो प्रवृत्तिले नेबिको मात्र नभई औद्योगिक क्षेत्रलाई असर पार्दै आएको र कच्चा पदार्थमा लाग्ने उच्च करसँगै भन्सार बढी उठाउने जस्ता नियतले पनि उद्योगीहरूलाई दुःख दिने गरिएको उनको गुनासो छ ।

**जनस्वास्थ्यको प्रश्न**

न्यौपानेका अनुसार सबैखाले बिस्कुट उद्योगका लागि पछिल्लो दिनमा खडा भएको अर्को प्रमुख चुनौती चाहिँ बिस्कुट खाएर बिरामी भइन्छ वा यो स्वास्थ्यका लागि हानिकारक छ भन्ने हल्ला हो । कतिपय डाक्टर, नर्सलगायत स्वास्थ्यकर्मी वा खाद्य विज्ञानबारे कुनै पढाइ नगरेका बाबाजीहरूले मनलाग्दी बोलिदिँदा यो समस्या आएको न्यौपाने बताउँछन् । 'रामदेव बाबाकै कम्पनीले बनाएको बिस्कुट पनि प्रतिबन्धित भएको उदाहरण छ, भोकमरी वा खाद्यान्न अभावले मानिसहरू पीडित भएको बेला बिस्कुट खानै हुँदैन भनिदिनु गलत हो,' उनले भने, 'जम्मा १० रुपैयाँमा अहिले एक कप चिया पनि आउँदैन तर बिस्कुटले गरिबहरू धेरै हदसम्म उद्धार गरेको छ ।'

कुनै पनि खाद्यान्न धेरै खाँदा बिगार गर्ने र त्यस्तो गलत नै भएको अवस्थामा अमेरिकाजस्ता विकसित देशहरूले प्रतिबन्ध लगाउनुपर्ने भन्दै न्यौपानेले मधुमेह भएका बिरामीहरूका लागि समेत सुगर फ्रि बिस्कुट उपलब्ध रहेको दाबी गरे । दैनिक एक प्याकेट बिस्कुटले स्वास्थ्यलाई हानि नगर्ने र खाद्यान्न विज्ञानको खासै ज्ञान नभएका व्यक्तिहरूले यसको बारेमा बढी नकारात्मकता फैलाउने गरेको पनि उनको आरोप थियो ।

नेपालभित्र र बाहिर बजार वृद्धिका अवसरहरू हेर्ने क्रममा नेबिकोले हर्बल, ओरियोसमेत रक्तचाप, मधुमेहजस्ता रोगका बिरामीले पनि खान मिल्ने उत्पादनहरू तयार गर्ने योजना पनि न्यौपानेले सुनाए । 'हामीले भिटामिन, मिनरलसहितका नयाँ उत्पादनहरू अघि सार्दै छौं,' उनले भने, 'बिस्कुटसम्बन्धी पदार्थलाई अपग्रेड गर्दै लैजाने र यसको म्याद गुज्रिने मिति बढाउँदै लैजाने पनि सोचेका छौं ।' लगभग ८० भन्दा धेरै उत्पादनहरू तयार गर्ने आफ्नो कम्पनीका कुनै पनि ब्रान्डको पेटेन्ट दर्ता नभएको र मौलिकताको अभावले त्यो स्थिति रहेको न्यौपानेको स्वीकारोक्ति थियो । पेटेन्ट दर्ताको विषयमा पनि अध्ययन गरिरहेको बताए ।

**आगलागीले सिकाएको पाठ**

तीन वर्षअघि भएको आगलागीले आफूहरूलाई सबै पूर्वाधार एकै ठाउँमा राख्न नहुने र उत्पादनलाई विकेन्द्रित गर्नुपर्ने पाठ सिकाएको नेबिकोको अनुभव छ । छुट्टाछुट्टै ठाउँमा उत्पादन गर्न सके बजार प्रभावित नहुने र नोक्सानीलाई कम गर्न सहज हुने कम्पनीको अनुभव रहेको न्यौपाने बताउँछन् । 'आगलागीका कारण हाम्रा महत्त्वपूर्ण मेसिनहरू जलेका थिए र त्यसलाई बिमाले नबेहोरिदिँदा हाम्रो क्षति ठूलो भयो,' उनले भने, 'त्यसले गर्दा बिमा राम्रो इतिहास भएको र समयमा भुक्तानी गर्न सक्ने कम्पनीसँग गर्नुपर्ने पाठ पनि हामीले सिक्यौं ।'



## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** आर्थिक क्रियाकलापका काममा संलग्न रहनुपर्नेछ । विभिन्न कुराले गर्दा व्यस्त भइएला । विशेष कामले पूर्णता पाउँदा मन सन्तुष्ट रहनेछ ।

**वृष** सबै कुरा अपेक्षित ढंगले सम्पन्न हुँदै जानेछन् । कुनै खास काममा सफलता मिल्नेछ । रिस गर्नेहरु पनि आफैं तर्किन थाल्नेछन् ।

**मिथुन** झिनामसिना कुराबाट जति तर्किन सक्यो उति सहज हुनेछ । समसामयिक अवस्थामा ढल्दै शान्त रहन सके चित्त दृढ रहला । घरमा कसैको आगमन हुन सक्छ ।

**कर्कट** अनपेक्षित रूपमा मन चञ्चल रहला । अनाहकमा हड्बडाउँदा काममा गडबड हुन सक्छ । सकेसम्म धैर्य र शान्त हुँदै आफूलाई प्रस्तुत गर्नु उचित हुनेछ ।

**सिंह** कुनै आर्थिक प्रयोजनका काममा संलग्न हुनुपर्ला । कतैबाट कुनै कुराको आकस्मिक लाभ होला । समय आफू अनुकूल रहँदा धेरै सजिलो हुनेछ ।

**कन्या** तपाईंको विचारको सराहना गरिनेछ । तपाईंको कुरालाई बुझ्न खोजिनेछ । आर्थिक क्रियाकलापका काम गर्दा भने सजग रहनुपर्नेछ ।

**तुला** स्वतःस्फूर्तरूपमा सबै कुरामा सक्रियता जनाइनेछ । आफ्नो सहज भावअनुसार आफूलाई प्रस्तुत गरिनेछ । जे गर्दा मन खुसी हुन्छ, उसैमा मन तल्लीन रहनेछ ।

**वृश्चिक** समयावस्थाअनुसार आफूलाई प्रस्तुत गर्नुपर्ने बेला छ । अर्काको लहैलहैमा लाग्दा आफ्नो महत्तामा कमी आउला । के कुरालाई कहाँ कसरी र कुन ढंगले व्यक्तिने भन्ने बुझ्नुपर्नेछ ।

**धनु** इष्टमित्रसितको जमघटले मन रम्नेछ । कुनै कुरामा आर्थिक लाभ हुनेछ भने कुनैमा खर्च हुनेछ । जसरी पनि मन सकारात्मक र खुसी नै रहनेछ ।

**मकर** कुनै कुराले मन उत्साहित बन्नेछ । रोकिएको कामलाई पूर्णता दिने प्रयास हुनेछ । सकेसम्म सबै कामलाई बेलैमा सल्टाउन खोजिनेछ ।

**कुम्भ** आफ्नो जिम्मामा परेको कामलाई यथाशक्य पूर्णता दिइनेछ । सकारात्मक सोचका साथ आफूलाई तटस्थ राखिनेछ । सकेसम्म सीमित बोल्न खोजिनेछ ।

**मीन** तन अल्छी बन्दा कर्तव्यमा ढिलासुस्ती हुन सक्छ । सकेसम्म आफूलाई सक्रिय राख्ने प्रयत्न गर्नुपर्नेछ । अरूको लहैलहैमा नलागी आफ्नै ढंगले काम गर्दा सहज होला ।


## वर्गीकृत डिस्प्ले

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौन उत्तेजना, पावर बढाउन ORIGINAL HERBAL (80 वर्षसम्म) सक्रिय बनाई यौन शक्ति बढाउने USA, GERMANY, LONDON, DENMARK को बिश्वस्तरीय हर्बल उपलब्ध छ ।
थाहै नदिई जाँड-रक्सी को कुलत छुटाउने
महिलाको स्तन बढाउने घटाउने, गुप्तांक टाइट पार्ने, मोटोपन घटाउने बढाउने ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।




**BAGMATI**
Naxal - 9802375628, Sallaghari - 9841041817, Ravibhawan - 9851164892, Hetauda - 057-525386, Dhading - 9851349631, Gathaghar - 9851016083, Banepa - 9851132551, Balaju - 9841235060, Narayanghat - 9801307476, Samakhusi - 9703150835, Kumaripati - 9704573373, Gwarko - 9703721762 Balkhu - 9704573372, Gyaneshwor - 9760825708

**GANDAKI**
Pokhara - 9856020789, Kawasoti, Nawalpur - 9857040330, Dulegauda - 9856061999, CG Motors Pokhara - 9707094194, Beni - 9840500097

**KOSHI**
Birtamode - 023-590195, Surunga - 023-553010, Damak - 9802709189, Urlabari - 9842100476, Itahari - 9822397336, Biratchowk - 9822397336, Biratnagar - 021-503095, Inaruwa - 025-566498

**LUMBINI**
Nepalgunj - 081-551598, Kohalpur - 081-540280, Jeetpur-4 - 076-550160/197, Chanauta - 9802850169, Butwal - 071-536900, Gulariya - 9858025225, Lamahi - 9866730012, Parasi - 078-520984, Bhairahwa - 071-570705/6, Parsa, Lumbini - 9802635148, Bardhghat - 9857010799

**MADESH**
Janakpurdham - 041-527426, Lahan - 033-565201, Malangwa - 046-521711, Kalaiya - 053-590896, Bardibas - 044-550552, Gushala - 9804827836, Dhanushadham - 9766323695, Jeetpur Bara - 9862245185, Garuda - 055-590031, Rajbiraj - 031-533542, Birganj - 9829233919, Mirchaiya - 9801530359, Jaleshwor - 9819867561, Mahendranagar - 9819855316, Chandranighapur - 9827652000, Gaur - 9855044002

**KARNALI**
Surkhet - 083-525196

**SUDURPASCHIM**
Dhangadi - 091-417115, Attariya - 9858420415, Mahendranagar - 099-520230 Lamki - 091-590400

**For Dealership Enquiry**
9802375609

सम्पादकीय

# विमानस्थलमा शून्य जोखिम कायम गर, डिपो अविलम्ब सार

गत साउन ९ मा सौर्य एयरलाइन्सको विमानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दक्षिणतर्फबाट 'टेक अफ' गरेको थियो । पोखराका लागि उडेको सो विमानले धावनमार्ग छाडेर १३० फिट उचाइमा पुगेको ४ सेकेन्डमै असन्तुलित भई विमानस्थलभित्रै दुर्घटना हुँदा १८ जनाको ज्यान गयो, एक जना घाइते भए । यदि त्यही विमानले उत्तरबाट दक्षिणतर्फ 'टेक अफ' लिएको भए र त्यस्तै प्रकृतिको दुर्घटना भएको भए विमानस्थलभित्रैको इन्धन डिपोमा ठोकिन सक्थ्यो । दक्षिणबाट 'टेक अफ' गर्दा पनि जनधनको क्षति त भयो तर उत्तरबाट गरेको भए त्यसभन्दा कैयौं गुना बढी क्षति हुन सक्थ्यो । सौर्य एयरलाइन्सका अतिरिक्त एक दशकयता विमानस्थलभित्रै दुर्घटनामा परेका टर्किस एयर वा यूएस बांग्लाको विमान पनि डिपोमा ठोकिनबाट जोगिए । तर यी दुर्घटनाले गरेको संकेत र दिएको सन्देश भने प्रस्ट छ- अहिले रहेको इन्धन डिपो यथावत् राखिरहने हो भने भयावह क्षतिको सम्भावना पनि रही नै रहन्छ ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मापदण्डअनुसार विमानस्थलको धावनमार्गबाट १७२.५ मिटर टाढा 'ट्याक्सी-वे' हुनुपर्छ । त्यसबाट कम्तीमा ९० मिटर टाढा इन्धन भण्डारण हुनुपर्छ । तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट करिब ८० मिटर दूरीमै इन्धन डिपो छ । त्यहाँ ६ वटा भर्टिकल ट्यांक र ८ वटा अन्डरग्राउन्ड ट्यांकमा गरी ७६ लाख ४० हजार लिटर हवाई इन्धन मौज्दात हुन्छ । सामान्यतया विमानस्थलभित्र हुने दुर्घटना 'टेक अफ' वा 'ल्यान्डिङ' का क्रममा हुने गर्छ । त्यस्तो अवस्थामा विमान चिप्लिएर डिपोमा ठोकिने सम्भावना सधैं रहन्छ । अर्कोतर्फ, जहाँसुकै हुने विमान दुर्घटनामा इन्धनका कारण आगलागी हुने र त्यसमै परेर प्रायः यात्रुको मृत्यु हुने गर्छ । तर त्रिभुवन विमानस्थलभित्रै भण्डारणमा रहेको ७६ लाख लिटर इन्धनमा विमान ठोकिन पुग्यो भने के होला ? निश्चित छ, त्यसले विमान र विमानस्थललाई मात्रै होइन, त्यससँग सरोकार नै नभएका वरपरका बस्तीका मानिसदेखि सडकयात्रु समेतलाई ठूलो दुर्घटनामा लपेट्छ । त्यस्तो नहोस्, तर भएमा भयावह दुर्घटना हुनेछ ।

यो जोखिमबारे आकलन गर्दै आइकाओको मापदण्डअनुसार हुने गरी इन्धन डिपो सार्ने उद्देश्यले नेपाल नागरिक उड्डयन प्राधिकरणले अध्ययन गरेको थियो । सन् २०१८ मा गरिएको अध्ययनमा हवाई इन्धन डिपो स्थानान्तरण गर्न ६ अर्ब रुपैयाँ लगानी चाहिन्छ । मूल्यवृद्धिअनुसार लागत केही बढ्न सक्छ । जर्मनीको हंसा कन्सल्टेन्सीबाट हवाई इन्धन सार्नेबारे गराइएको अध्ययनमा गुह्येश्वरीस्थित गल्फ कोर्सनजिकैको खाल्डो भएको क्षेत्र इन्धन भण्डारण सार्न उत्तम मानिएको छ । तर, प्राधिकरण र नेपाल आयल निगमबीचको असमझदारीले यो काम अघि बढ्न सकेको छैन । अहिले डिपो रहेको जग्गा निगमको हो । उसको ३२ रोपनी जग्गामा ट्यांकी छ । नयाँ ठाउँका लागि प्राधिकरणले निगमलाई करिब ५० रोपनी जग्गा उपलब्ध गराउने सुनिश्चित गरेको भए पनि दुई निकायबीच जग्गा लेनदेनको असमझदारी र स्वार्थ समूहको चलखेलका कारण प्रक्रिया सुरु हुन सकेको छैन । बरु प्राधिकरणले आफूले निगमलाई पठाएको पत्रप्रति चासो नै नदिएको आरोप लगाएको छ । अर्कोतर्फ निगमले भने आफूहरू डिपो सार्न तयार रहेको तर प्राधिकरणले जग्गा नदिँदा डीपीआरसमेत गर्न नपाएको आरोप लगाएको छ । दुई निकायबीचको आरोप-प्रत्यारोपले यो अतिआवश्यकीय काम भने धकेलिने सम्भावना छ ।


डिपो सार्ने विवाद समन्वय र समझदारीको अभावका अतिरिक्त ठूलो रकमको ठेक्का हत्याउने स्वार्थ समूहको प्रयत्नसँग पनि जोडिएको छ । आफूले ठेक्का लिने प्रयत्नका अतिरिक्त नेपाली कम्पनीले नै जिम्मा लिने वा बाह्य कम्पनीलाई दिने भन्नेमा पनि संघर्ष छ । किनकि, डिपो सार्ने ठेक्कामा भारतीय आयल निगम (आईओसी) को पनि चासो छ । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले हालै नयाँदिल्लीमा आयोजित बिमस्टेक बिजनेस समिट २०२४ मा सहभागी हुने क्रममा डिपो स्थानान्तरण गर्दा आर्थिक र प्राविधिक सहयोग गरिदिन प्रस्ताव पनि गरेका छन् । यसरी कसले लगानी गर्ने, कसले ठेक्का पाउने जस्ता अन्योल रहने र स्वार्थ समूहको चलखेल पनि जारी रहने हो भने यो विषय अनावश्यक रूपमा गिजोलिने निश्चित छ । त्यसले डिपो स्थानान्तरणका काममा अनावश्यक विवाद र आरोप-प्रत्यारोपलाई मात्रै सहजीकरण गर्छ । त्यसैले सरकारको समन्वय आवश्यक छ । तर प्रधानमन्त्री केपी शर्मा ओलीले यहीबीचमा थानकोटमा रहेको डिपो सार्न निर्देशन दिएका छन् । कुनै अध्ययन, समितिको सिफारिस वा स्थानीयको माग नरहेको यस्तो विषयमा प्रधानमन्त्रीको अग्रसरतामा समेत जग्गाको चलखेलको आशंका गरिएको छ । उनले थानकोटको सन्दर्भमा निर्देशन दिनुभन्दा त्रिभुवन विमानस्थलको डिपो सार्नका लागि दुई निकायबीच देखिएको विवादलाई अन्त्य गराउन भूमिका खेल्नु बढी सान्दर्भिक हुन्छ ।

# प्राधिकरणमाथि दुर्भाग्यपूर्ण राजनीति

**विद्युत् प्राधिकरणमा देखिएको समस्या र यसको व्यवस्थापनलाई भकुन्डोका रूपमा प्रयोग गर्ने शासन शैलीले उन्नतिको बाटोमा लागेको संस्थाको हुर्मत लिने प्रयास जोसुकैबाट भए पनि दुर्भाग्यपूर्ण हो ।**



डा. प्रकाशचन्द्र लोहनी




विद्युत् प्राधिकरणमा लाइन काट्ने र जोड्ने विवादले 'कहीं नभएको जात्रा हाँडीगाउँमा' भन्ने नेपाली उखानलाई चरितार्थ गरेको छ । यो खेलमा दुई जना व्यक्तिहरू प्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल एक-अर्कोलाई दोषी भनी गर्जिंदै छन् । उनीहरू दुई उरन्ठेउला बच्चा जस्तो झगडा गरिरहेका छन् । र, यस क्रममा नेपाली जनतालाई निराश र आक्रोशित गराउँदै छन् । नेपालमा सुशासन शब्द कसरी जनतालाई मूर्ख बनाउने हतियारका रूपमा प्रयोग गरिँदै छ भन्ने यथार्थ सबैका सामुन्ने देखिन लागेको छ । यस क्रममा विद्युत् प्राधिकरण भने बच्चाहरूले खेल्ने भकुन्डो जस्तो भएको छ । कहिले पूर्व जान्छ, कहिले पश्चिम । शासकहरूको लातले विद्युत् प्राधिकरण बिग्रने हो कि भन्ने चिन्ता बढेको छ ।

### विद्युत् प्राधिकरणको व्यवस्थापन

कुनै पनि आर्थिक संस्थाको व्यवस्थापन कुशलताको एउटा मुख्य मापदण्ड त्यसले कुल बिक्रीमा कमाउने नाफा हो । यसबाहेक व्यवस्थापन कुशलताका अरू थुप्रै मापदण्ड छन् तर लगानी बढाएर उत्पादन बढाउने लक्ष्य लिएको संस्थाका लागि नाफाको प्रतिशत महत्त्वपूर्ण हुन आउँछ । यस दृष्टिकोणले हेर्दा सन् २०१५ मा प्राधिकरणले सरकारलाई ट्याक्स तिर्नुअगाडिको कुल आम्दानी ३० अर्ब थियो । कुल बिक्री रकमको १७ प्रतिशत अर्थात् ५.१ अर्ब नोक्सान थियो । २०२४ मा प्राधिकरणको आम्दानी करिब १.१५ खर्ब र ट्याक्स तिर्नअगाडि नाफा रु.१३.३ अर्ब छ । खुद नाफा ९ प्रतिशत छ । अतः तथ्यांक हेर्दा प्राधिकरणले राम्रो प्रगति गरेको छ । कुल बिक्रीको ९ प्रतिशतको नाफा विद्युत् कम्पनीहरूका लागि जहाँ पनि राम्रो प्रतिफल मानिन्छ ।

यो एउटा तथ्यांक मात्रै कुशलताको सम्पूर्ण मापदण्ड होइन तर व्यवस्थापन कुशलताको एक आधारभूत मापदण्ड हो । यो मापदण्डको दृष्टिकोणले प्राधिकरणको नेतृत्व गर्ने कुलमान घिसिङ र उनको टिमलाई धन्यवाद दिन कसैले पनि कञ्जुस्याइँ नगरे हुन्छ । बिजुलीको चुहावट मात्रै नियन्त्रण गरेको तथ्यांक हेरे पनि व्यवस्थापनको सफलता स्पष्ट देखिन्छ । सामान्यतया विद्युत् कम्पनीहरूमा खुद आम्दानी बिक्रीको ५ प्रतिशतभन्दा माथि राम्रो मानिन्छ । धेरै राम्रा कम्पनीहरूले १५ प्रतिशतसम्म पनि कमाएका छन् । यसबाट कम्पनीका मालिक सेयरधनीहरूले पाउने 'डिभिडेन्ड' धेरै आकर्षक हुन आउँछ । यस दृष्टिकोणले प्राधिकरणले कमाइ प्रतिशतलाई राम्रो भन्नुपर्ने हुन्छ । सरकारी सहयोगको उपयोग गर्दै प्राधिकरणले आफ्नो आर्थिक स्थिति मजबुत गरेको कारण अब यसको सेयर नेपालको सेयर बजारमा प्रिमियममा बिक्री हुन सक्छ । मेरो अन्दाजमा रु.१०० को सेयर सायद रु.३०० सम्ममा बिक्री हुने सम्भावना छ । यसमा सरकारको पनि सहयोग भए प्राधिकरण आफैंले नयाँ सेयर निष्कासन गरी यो संस्थामा जनताको स्वामित्व ५० प्रतिशत कायम गर्नुका साथै केही अर्ब रुपैयाँ सेयर बजारबाट प्रिमियमका रूपमा संकलन गर्न सक्नेछ ।

छिमेकी भारतमा समेत महत्त्वपूर्ण सरकारी ऊर्जा कम्पनी पावर ग्रिड कर्पोरेसनको ५१.३४ प्रतिशत सेयर सरकारी स्वामित्वमा छ भने बाँकी ४८.६६ प्रतिशत सेयर सर्वसाधारण जनताको स्वामित्वमा छ । नेपालमा सरकारले निजी क्षेत्रलाई बढावा दिने लगानीको नयाँ स्रोत खोज्ने र नयाँ विद्युत् आधारशिला निर्माण अभियानमा हजारौं नयाँ सेयरधनी खडा गर्न सक्नेछ । उनीहरूले बिनाब्याज दिएको रकमबाट यो सम्भावनालाई दुईवटा 'अनुभवी' वर्तमान र भूतपूर्व प्रधानमन्त्रीहरूले सत्यानाश गर्नु जनताप्रति नै ठूलो बेइमानी हुनेछ ।

### महसुल विवाद

महसुल विवादले सरकार र प्राधिकरणबीच टकरावको स्थिति ल्याएको छ । यो दुर्भाग्य हो । कसैले नबोलेको तर सबैले शंका गरेको कुरा के छ भने प्राधिकरणका हाकिमलाई वर्तमान सरकारले मन पराउँदैन । त्यस्तै, प्रचण्ड सरकारले नियुक्त गरेकाले उक्त पार्टीका नेताहरूले 'आफ्नो मान्छे' सम्झेर कुलमानको व्यक्तित्वलाई जबरजस्ती अघोषित रूपमा राजनीतीकरण गरेका छन् । के यही हो नेपालको सुशासनको उदाहरण ? सबै प्रशासकहरूलाई पार्टीको बिल्ला लगाइदिने र आफ्नो सेवकका रूपमा दुरुपयोग गर्ने यो नवसामन्तवादी संस्कारले कुनै 'अग्रगामी' लाई पनि छोडेन ।

विडम्बना मान्नुपर्छ, देशमा बाहिरबाट हेर्दा सबै कुरो परिवर्तन भयो तर यथार्थमा केही पनि परिवर्तन भएको रहेनछ । घूस बढेको छ, भ्रष्टाचार बढेको छ, राज्य सम्पत्तिमा लुट बढेको छ र देशका प्रशासकहरूलाई जहानियाँ शासनको समयमा जस्तो हरवा–चरवा सम्झने सामन्ती संस्कार बढेको छ । त्यसबेला त वर्षको एकताली पजनी हुन्थ्यो रे ! आज त मन्त्रीले कुर्सीमा बस्नेबित्तिकै कर्मचारीलाई कानुनबाट बाहिर नजान निर्देशन दिन्छन् तर त्यसको केही दिनमै नियमविपरीत सरुवा गरेर आफ्नो मानसिक दरिद्रताको र पाखण्डीपनको नांगो प्रदर्शन गर्छन् । वास्तवमा जनता शोषण गर्ने रूप मात्र फरक छ । हेर्दा सिद्धान्तमा अडेको मानिन्छ तर सारमा सामन्ती संस्कार मौलाएको र सामन्ती संस्कार पहिलेभन्दा धेरै बढेको छ । यो ट्रंक लाइन र डेडिकेटेड विवाद यो सांस्कृतिक अधोगतिको उदाहरण मात्र हो ।

### कोभन्दा को कम ?

विद्युत् महसुल उठाउने झगडामा नेपालका भूतपूर्व र वर्तमान प्रधानमन्त्रीबीचको भनाभन दिक्क लाग्ने र निराशाजनक छ । प्रचण्डजीलाई प्रधानमन्त्री पदबाट निस्केको पीडा पनि छताछुल्ल भएको छ ।

> प्रश्न एउटा संस्थाको दुर्गतिसँग सीमित छैन । बरु हाम्रा नेताहरूको नियतमा विकृति र निष्ठाको पतन हुँदा पनि किन हामी निरीह र अनाथ भएर बसेका छौं ? यसको उत्तर खोज्न ढिलो गर्न नहुने स्पष्ट छ ।

उनी प्रधानमन्त्री हुँदा २०८० भदौमा १५ दिनभित्र उद्योगहरूले बक्यौता तिर्नु र नतिरेमा लाइन काटिने चेतावनी प्राधिकरणबाट पत्र दिइएको थियो । त्यसको लगत्तै स्वयं प्रधानमन्त्री प्रचण्डबाट लाइन नकाट्नु भनेर निर्देशन भयो । अनि २०८० पुसमा प्रधानमन्त्री प्रचण्डबाट फेरि लाइन काट्नु भन्ने निर्देशन भयो । यो नाटकीय सिलसिलामा असार २०८१ म प्राधिकरणले लाइन काट्न सुरु गऱ्यो । यसको लगत्तै प्रधानमन्त्री ओलीले लाइन नकाट्नु भन्ने मौखिक निर्देशन दिए । मौखिक निर्देशनले हुँदैन लिखित चाहिन्छ भन्ने दुई सञ्चालकलाई निकालिए र हाल फेरि लाइन जोडियो ।

नेपालका शासकहरूले विद्युत् महसुलबारे कहिले उठाउने र कहिले नउठाउने भन्ने परस्पर विरोधी निर्णय गरेका छन् र प्राधिकरणको हाकिमलाई भकुन्डो जस्तो व्यवहार गरेका छन् । समय समयमा विद्युत् महसुल उठाउनेबारे खडा गरिएका आयोगहरूले के सुझाव दिए भन्ने बुँदालाई पूर्णतया नजरअन्दाज गरेका छन् । प्राधिकरण र उद्योगको वातावरण सुधार्ने नभएर बिगार्ने काम गरेका छन् । यस परिवेशमा प्रचण्डले विद्युत् महसुल उठाउनेबारे ओली सरकारलाई गरेको आलोचना सत्ताबाट बाहिर निस्कन परेको छटपटाहट र कुण्ठाबाहेक अरू केही नभएको स्पष्ट देखापर्दछ ।

### कस्तो नेतृत्व ?

आज देशले इमानदार नेता खोजेको छ, घुस्याहा होइन । जनता नेताबाट देशको स्वार्थका लागि काम भएको देख्न चाहन्छन् । यही कुरा नेताहरूले चाहेका छैनन् । चुनाव वैधानिकताको एउटा महत्त्वपूर्ण अंग हो तर सबै कुरा होइन । बंगलादेशको घटनाले चुनावको वैधानिकतालाई देश लुट्ने लाइसेन्स सम्झनेहरूको के गति हुन्छ त्यो देखाइसकेको छ । जब सत्ता जनहितको साध्य नभएर सानो शोषक वर्गको उन्नतिको साधन बन्छ, त्यसबखत आगोको एउटा सानो झिल्कोले विकराल रूप लिन धेरै बेर लाग्दैन । यस सन्दर्भमा प्रजातन्त्र दार्शनिक सिद्धान्त मात्र होइन, व्यवहारमा भुइँमान्छेको हितमा नतिजामूलक तरिकाले उपयोग भएको देखिनुपर्छ र नागरिकले अनुभूति गर्न सक्नुपर्छ ।

एकछिन सोचौं, आज देशमा साँच्चिकै गरिबीको चक्रमा पिल्सिएका भुइँमान्छेहरू, भूमिहीन किसानहरू, सहरी क्षेत्रका मजदुरहरू र साना व्यापारीको हितको चिन्ता कसले लिएको छ ? सहकारीमा जनताको बचतमाथि गरिएको डाँका सबैका सामु स्पष्ट छ । त्यस्तै, त्रिभुवन विश्वविद्यालयको दुर्गति र अराजकतामा शासकहरूको चासो छ ? चासो भएको भए अग्रगामी भनाउँदो संविधान लागू भएको ७ वर्षसम्म किन यो लथालिंग अवस्था छ ?

एकले अर्कोलाई गाली बेइज्जती गरेर आफ्नो सागरभन्दा ठूलो अतृप्त आकांक्षालाई प्राप्ति गर्ने दौडमा देशमाथि अन्याय गर्न पाइँदैन । अन्याय गर्न दिनु पनि हुँदैन । यस परिवेशमा विद्युत् प्राधिकरणमा देखिएको समस्या र यसको व्यवस्थापनलाई भकुन्डोका रूपमा प्रयोग गर्ने शासन शैलीले उन्नतिको बाटोमा लागेको संस्थाको हुर्मत लिने प्रयास जोसुकैबाट भए पनि दुर्भाग्यपूर्ण हो । प्राधिकरणमा अहिले देखिएको समस्या प्राधिकरणको मात्रै होइन, शासनको सिद्धान्त र संरचना दुवैसँग जोडिएको छ । देशको राजनीति देशको चिन्ता छोडेर बीपी कोइरालाले भने जस्तो सुकिला–मुकिला वर्गको सेवक भएको छ । प्रश्न एउटा संस्थाको दुर्गतिसँग सीमित छैन । प्रश्न हाम्रा नेताहरूको नियतमा विकृति र निष्ठाको पतन हुँदा पनि किन हामी निरीह र अनाथ भएर बसेका छौं ? यसको उत्तर खोज्न ढिलो गर्न नहुने स्पष्ट छ ।

*- लोहनी राष्ट्रिय प्रजातन्त्र पार्टी निर्देशन समितिका अध्यक्ष हुन् ।*

## सम्पादकलाई चिठी

### प्राथमिकतामा नपरेको भूउपयोग योजना

आर्थिक वर्ष २०८१/०८२ मा स्थानीयदेखि संघ सरकारले नीति तथा कार्यक्रम बनाए । योजना बनाइरहँदा सबैको ध्यान सडकतिर पुग्यो । भवन निर्माणमा चासो देखाए । कसैले आवश्यकता पनि नभएको ठाउँमा ट्र्याक खोल्ने योजना पेस गरे, कोही भने कालोपत्र बनाउन हातमा योजनाको पोको बोकेर स्थानीय सरकारतिर धाइरहे । तर, कसैका हातमा भूमि संरक्षणको योजना देखिएन । भूमि समस्या समाधानका योजना कतै भेटिएन । भूउपयोग योजना बनाउने काममा वडादेखि पालिकासम्मका योजनाकार उदासीन देखिए ।

वास्तवमा विकासको पहिलो आधार भूमि हो । चाहे भवन बनोस् या सडक । त्यसका लागि पहिले जमिनको व्यवस्थापन हुनुपर्ने हो । राष्ट्रिय भूमि नीति २०७५, भूउपयोग नीति २०७२, भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ हेर्दा हरेक स्थानीय सरकारले भूउपयोग योजनाको आधार जग्गा वर्गीकरण गरेर विकासको काम गर्नुपर्ने देखिन्छ । तर, सरकार आफैंले बनाएको योजनालाई कुल्चिएर आफूअनुकूल योजना बनाइराखेका छन् । भूउपयोग योजना फगत योजना होइन, भूमिको समस्या समाधान गर्ने खुट्किलो पनि हो । भूउपयोग योजना बनाउँदा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थितको समस्या समाधान गर्न पनि सहयोग पुग्छ । दलित तथा भूमिहीनलाई आवासका लागि जग्गा उपलब्ध गराउँदा आवास क्षेत्र नतोकी कसरी जग्गा दिन मिल्छ ? त्यसैले सरकारले योजना बनाउँदा आफ्नो अनुकूल होइन गाउँको समस्या समाधान गर्ने खालको योजना बनाउनुपर्छ । भूमिको व्यवस्थापनबिना विकास अधुरो हुन्छ । त्यसैले पहिले भूमिको सुरक्षा र अधिकारसहितको भूउपयोग योजना बनाउन जरुरी छ । भूउपयोग योजनाअनुसार मात्रै अन्य विकासको योजना बनाउनु उपयुक्त हुन्छ ।

– **तारा नेपाली**, *गोदावरी-१३, ललितपुर*

### दलकै नेतृत्वमा आन्दोलन सम्भव होला ?

गत भदौ १० गते टुँडिखेलमा गौरा पर्वका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा उपस्थित भएका बेला केही युवाले उनीहरू विरुद्ध नाराबाजी गरे । केही वर्षपहिले श्रीलंकामा राष्ट्रपतिलाई देश निकाला गरिएको र केही समयअघि मात्रै बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले विद्यार्थी आन्दोलनकै कारण देश छोड्नुपरेको घटनाले नेपालमा यस्ता सानातिना विरोधले पनि सत्तासीन र प्रतिपक्षी नेतालाई झस्काउन थालेको छ । टुँडिखेलको घटनापछि त्यसैलाई टेवा पुग्ने गरी प्रमुख प्रतिपक्षी दलका नेता माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पटकपटक दुई ठूला दल मिलेर देशलाई अराजकतातिर लैजान खोजेको बताउन थालेका छन् । देशमा श्रीलंका र बंगलादेशको जस्तो स्थिति निम्तन सक्ने खतरा बढेको भन्ने खालका उत्तेजक अभिव्यक्ति दिँदै आइरहेका छन् । यसले कतै देशमा फेरि पनि अस्थिरता निम्तने खालको आन्दोलन हुने त होइन भन्ने प्रश्न पनि उब्जाएको छ । राजनीतिक गतिविधि यसरी नै बिग्रँदै जाने हो भने



आन्दोलन हुनका लागि समयले पर्खने छैन ।

अहिले राजनीति जुन तरिकाले विकसित भइरहेको छ, त्यसैको उपज हो टुँडिखेलमा लागेको नारा । यदि कुनै स्वतन्त्र व्यक्ति वा नागरिक समाज जस्ता तप्काले आन्दोलनको नेतृत्व लिने हो भने गाउँगाउँबाट जनता पुनः सक्रिय हुने परिस्थितिको सिर्जना यिनै राजनीतिक दलले गर्दै आइरहेका छन् । अब कुनै दलको नेतृत्वमा आन्दोलन हुने भयो र सफल बनाइयो भने त्यो फेरि पनि मूर्खलाई पुरस्कृत गर्नुसरह हुनेछ । किनकि त्यस्तो आन्दोलनमा अब उसैका कार्यकर्ताभन्दा अरू कोही हुनेवाला छैनन् । आफूहरूले गल्ती गरेको भन्ने महसुस त वर्तमान प्रमुख तीन ठूला दलका नेताहरूले गरेकै छन् । यदि उनीहरूलाई त्यस्तो नलागेको हुन्थ्यो भने केपी शर्मा ओलीले टुँडिखेलको घटनालाई लिएर कति व्यंग्य गरिसक्थे । ओली चौथो पटक प्रधानमन्त्री बन्दै गर्दा उनमा पहिलेको जस्तो उत्तेजना र उग्रता देखिएको छैन । आफैंमाथि लागेको अराजक नाराले झनै उनलाई सजग बनाइदिएको छ । यदि अब आन्दोलन भइहालेमा त्यो पहिले जस्तो राणा, पञ्चायत र राजाका विरुद्ध जस्तो हुने छैन । त्यो त दलका विरुद्ध दलकै आन्दोलन हुने सम्भावना छ, यसैले त्यस्ता आन्दोलनमा जनता एकीकृत हुने सम्भावना देखिँदैन । त्यसैले अबको आन्दोलन स्वतन्त्र जनताका तर्फबाट राजनीतिक दलका विरुद्ध हुनुपर्ने देखिन्छ ।

– **सुजन देवकोटा**, *पालुङ्टार-४, गोरखा*

### तीजले छरेको खुसियाली

नेपालका ठूला सहरदेखि दूरदराजका गाउँसम्म हरितालिका तीजको उल्लास सकिएको छ । हिन्दु महिलासँग जोडिएको भए पनि कतिपय स्थानमा अन्य धर्मावलम्बीले समेत यो चाड मनाउने गरेका छन् । आर्थिक क्षमताअनुसार विभिन्न स्थानमा जम्मा भएर दर खाने, नाचगान, भेटघाट, ख्यालठट्टा, भलाकुसारीमा रमाउने प्रचलनका कारण आत्मीयता, सामाजिक सद्भाव बढेको देख्न सकिन्छ । कतिपय ठाउँमा भने महिला, किशोरीहरू मौलिक परम्परा, संस्कारजन्य गीतसंगीतलाई लत्याएर पश्चिमी शैलीमा उफ्रने, डिस्को डान्समा रमाउने विकृति पनि देखियो । तथापि सरोकारवाला सतर्क भएमा यस्ता छिटफुट खराब गतिविधिलाई न्यून पार्न पनि सकिन्छ ।

२०-३० वर्षअघिसम्मका गीतमा माइत जान नपाउँदा महिलामा मानसिक पीडा बढ्थ्यो । यसै परिस्थितिसँग जोडिएका विरहका गीतलाई तीजमा प्राथमिकता दिइन्थ्यो । हिजोआज भने महिला शिक्षित र सबल बन्दै गएका कारण 'तीजको लहर आयो बरिलै' जस्ता रोमाञ्चक, ऊर्जामिश्रित गीतले प्राथमिकता पाउने गरेका छन् । विभिन्न पेसा व्यवसायमा व्यस्त रहेका दिदीबहिनीहरूलाई एक दिन भए पनि नाचगानले शारीरिक र मानसिक बोझ हल्का बनाउन मद्दत गर्छ । समाज, परिवारका अन्य सदस्यलाई यसै पनि गीत/संगीतले सकारात्मक प्रभाव पार्छ । शरीरमा ऊर्जा थप्छ । तीज सुरु हुनुअघि साउन महिनाभर महिलाहरू शिवपूजा, आराधनाको क्रममा हरियो सारी, हरियै चुरापोतेमा सजिएका थिए । भदौको सुरुवातदेखि नै तीजको रौनकले उनीहरूमा थप खुसियाली थपिदियो । जसरी छठ, गौरा पर्वहरू देशव्यापी बन्दै गएका छन्, त्यसैगरी तीजलाई पनि सकारात्मक सन्देश फैलाउने पर्वका रूपमा मनाउनुपर्छ ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### दोष विमान कम्पनीकै

सौर्य एयरलाइन्सका विमान चालकको पनि इहलीला समाप्त भएको भए सम्पूर्ण दोषजति उनलाई नै देखाइन्थो । तर, उनी त सकुशल हुन सफल भए । त्यसैले त्यो सम्भव हुन सकेन । २२ वर्ष थोत्रो जहाजको समस्या त यिनीहरूले कहिले पनि देखाउँदैनन् । कारण स्पष्ट छ- बिमा कम्पनीबाट पाउनुपर्ने क्षतिपूर्ति पाउन मुस्किल हुनु अनि विमान उत्पादन कम्पनीको विश्वसनीयतामाथि प्रश्नचिह्न खडा हुने भय । यसैले कारण देखाइयो- असन्तुलित तरिकाले राखिएको सामानको भार बहन । जतिसुकै थोत्रो विमानको कारणलाई ढाकछोप गर्न खोजिए पनि यसपालिको कारण विमानको कारणभन्दा अझ बढी संवेदनशील देखिन्छ । बढी भार बहनको सामान विमानबाट ढुवानी हुँदै थियो भने त्यो सामानलाई विमानभित्र सन्तुलन मिल्ने गरी सही तरिकाले किन राखिएन ? सरासर यसको जिम्मेवार विमान कम्पनी देखिन्छ । यस्तो गैरजिम्मेवार विमान कम्पनीको लाइसेन्स तुरुन्त खारेज गरी मृतकका परिवारलाई बढीभन्दा बढी क्षतिपूर्ति दिलाउन सबै सरोकारवाला निकाय लाग्नुपर्छ ।

– **सम्राट अधिकारी** *(फेसबुकबाट)*

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np

# ‘सहकारीमा बचत अपचलनका अकल्पनीय बेथिति भेटिएका छन्’

● **सूर्य थापा**, सभापति, सहकारी बचत दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति



तस्बिर : दीपक केसी/कान्तिपुर

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले जुन रफ्तार र मिहिनेतका साथ काम गरिरहेको छ, सम्भवतः रास्वपाका अध्यक्ष रवि लामिछाने त्यतिबेला गृहमन्त्री नभएको भए यो परिस्थितिको निर्माण हुने थिएन । सहकारीको बचत अपचलन, ठगी र हिनामिनामा आफैंविरुद्ध प्रहरीले अनुसन्धान गरिरहेकै बेला त्यसैलाई प्रभावित पार्ने नियत बोकेर लामिछानेले गृह मन्त्रालयको नेतृत्व सम्हाले । उनीमाथि स्वतन्त्र छानबिनको माग गर्दै कांग्रेसले सदन र सडकमा चर्को विरोध गरेपछि जेठ १५ मा समिति गठन भएको थियो । एमाले सांसद **सूर्य थापा**को नेतृत्वमा गठित सात सदस्यीय विशेष समितिले पाएको तीन महिनाको समयसीमा अघिल्लो शनिबार पूरा भएपछि १५ दिन थपिएको छ । यसबीच समितिले लामिछानेमाथि मात्रै अनुसन्धान गरेको छैन, सहकारीका बेथिति र अपचलनका पाइपाई घटना केलाएको छ । प्रतिवेदनलाई लिएर आमचासो बढिरहेकै बेला समितिले गरेको अध्ययन, केलाइएको तथ्य-प्रमाण, सहकारीमा बेथिति र अनियमितता निम्त्याउने कारक तथा छानबिनको प्रगतिलगायतका विषयमा समितिका सभापति थापासँग कान्तिपुरका **कुलचन्द्र न्यौपाने र यज्ञ बञ्जाडेले** गरेको कुराकानी :

**संसदीय छानबिन विशेष समितिले गर्ने छानबिन र अध्ययनको चरण कहाँ पुगेको छ ?**

तथ्यहरूका बारेमा केही पुनर्पुष्टि गर्न बाँकी छ । कतिपय प्रतिबद्धता दिएका निकायसँग बैठक गर्नुपर्नेछ । अब सीमित बैठक हुन्छन् । कार्यविधिमा भएर पनि स्थलगत जान सकिएको छैन । समितिलाई प्राप्त कार्यदेशको अनुसूची १ र २ मा जति सहकारी उल्लेख छन्, ती सञ्चालनमा छैनन् । समस्याग्रस्त घोषणा भएका पनि बन्द छन् । सम्पत्ति रोक्का छन् । त्यस्ता सहकारीमा स्थलगत रूपमा पनि हेरौं भन्ने छ । अहिलेसम्म भएका कामलाई ‘फरम्याट’ मा व्यवस्थापन गरिरहेका छौं । तथ्यहरूको सन्दर्भमा हामी समस्यामा छैनौं । आउनुपर्ने तथ्य यो आएन भन्ने स्थिति छैन ।

**सार्वजनिक भएका कतिपय तथ्य-प्रमाणलाई झूटा भनेर प्रचार गरिँदै आएको छ नि ?**

राज्यका निकायहरूबाट आएका तथ्य र प्रमाण सक्कली नै छन् । ‘फास्ट ट्र्याक’ बाट ती निकायहरूसँग समन्वय गरेको भए प्रतिवेदन तयार भइसक्थ्यो । तर, हामीले वित्तीय विश्लेषणमा ‘सीए’ हरू संलग्न गराएका छौं । छानबिनका प्रतिवेदनलाई आधार बनाएका छौं । त्यसमाथि पनि विभिन्न निकायसँग समन्वयपछि पुनर्पुष्टि गरेका छौं । सम्बन्धित व्यक्ति बाहिर हुन्, जेलमा हुन् वा थुनामा, सबैलाई ल्याएर सम्बन्धित विषयमा सोधपुछ गरेका छौं । सिधासिधी देखिएको भएको भए त छानबिन नै गर्नु पर्दैनथ्यो । नदेखिएकै भएर छानबिन गर्नुपरेको हो ।

**तथ्य-प्रमाण जाँचमा कस्तो विधि-प्रविधि अपनाउनुभएको छ ?**

कानुन र ‘अडिटिङ’ सहितका विषयमा विज्ञहरूको व्यवस्था गरेका छौं । एक जना चार्टर्ड एकाउन्टेन्ट, एक जना कानुन हेर्ने र सीआईबीका प्रतिनिधिसमेत राखेका छौं । उहाँहरूको टिमले राम्रोसँग अनुसन्धान गरेको छ । प्रश्न गर्दा सम्बन्धित ठाउँका प्रणालीगत तथ्य नै ल्याएर सोध्ने गरेका छौं । जस्तो- गोर्खा मिडिया नेटवर्कमा यति पैसा गयो भन्ने मात्रै तपाईंहरूले लेख्दै आउनुभएको छ । हामीले उसको प्रणाली नै ल्याएर कति आयो र त्यसको कसरी ‘इन्ट्री’ भयो भनेर अध्ययन गरेका छौं । गोर्खा मिडियाको सफ्टवेयर नै ल्याएर अध्ययन गर्‍यौं । पोखरा जेलबाट भविश्वर अर्याललाई ल्यायौं, उहाँ जीबीका सहकारीको ‘वेब डेभलपर’ हुनुहुन्छ । गोर्खा मिडियामा ‘इन्ट्री’ दिने, नदिने सबै काम गर्ने-हेर्ने उहाँ नै हुनुहुन्छ । अहिले, सूर्यदर्शन सहकारीले केही समयलाई सञ्चालक राखिदिएकै कारण उहाँ जेलमा हुनुहुन्छ । त्यसैले प्रमाणसँग पहुँच राख्ने व्यक्तिसँग पुग्ने काम हामीले गरेका छौं । त्यसपछि बैंकका सबै खाता हेरेका छौं । सबैजसो सहकारीका प्रणालीको अध्ययन गरेका छौं । त्यसमध्ये सूर्यदर्शन र सुप्रिममा स्थानीय नियामक निकायले छानबिन सुरु गरेका छन् ।

**समितिलाई १५ दिनको म्याद थपिएको छ । थप समयभित्रै प्रतिवेदन तयार पारेर चालु प्रतिनिधिसभामा बुझाउन सक्ने स्थिति बन्छ त ?**

भदौ २२ गते नै सक्ने प्रतिबद्धतासाथ काम गरेका हौं । त्यसैले भेटघाट, सोधपुछ र जानकारी लिने काम रफ्तारमा गर्‍यौं । तर, समयसीमामा प्रारम्भिक प्रतिवेदन बनाउन सकिएन । बजेट अधिवेशनको अन्त्यसम्म प्रतिवेदन प्रस्तुत गरिसक्ने सल्लाहअनुसार म्याद थप भयो । सभामुखलाई प्रतिवेदन बुझाउने कुरा त जहिले गरे पनि हुन्थ्यो, तर संसद्ले नै समिति गठन गरेकाले प्रतिनिधिसभा बैठकमै प्रतिवेदन प्रस्तुत गर्नुपर्ने हुन्छ । समितिको समय थप्दा जसरी मैले हाउसमा प्रस्ताव राखें, प्रतिवेदन पेस गर्दा पनि हाउसले छलफल गर्नुपर्ने हुन्छ । बजेट अधिवेशनको अन्त्यसम्म पनि सकिएन भने हिउँदे अधिवेशनमा पुग्छ । समितिले अध्ययनका क्रममा सरोकार राख्ने पीडित, पीडकदेखि सबैलाई सहभागी गराएकाले पनि यसको प्रतिवेदनप्रति सबैको चासो छ । समितिप्रति रफ्ताप हुँदै बुझाउनुपर्छ । ढिलो हुँदा यो नसेलाओस् भन्ने हो ।

**क्षेत्राधिकारअनुसार तथ्य-प्रमाणको खोजी, दोषी पत्ता लगाउनुपर्ने र संकटग्रस्त सहकारीका बचतकर्ताको पैसा फिर्ता गराउनुपर्ने जुन दायित्व समितिलाई छ, त्यो पूरा गर्न कति सम्भव छ ?**

समितिको ‘टीओआर’ मा जे गर्न भनिएको छ, त्यसैका आधारमा अनुसन्धान र छानबिन भएका छन् ।

**अनुसन्धान र छानबिनका क्रममा कति जनासँग बयान लिनुभयो र सहकारीको अवस्था कस्तो देख्नुभयो ?**

जम्माजम्मी ५० जनासँग सोधपुछ गर्‍यौं । राम्रो चलेका सहकारी पनि छन् । महिलाहरूले नेतृत्व गरेकाले सुशासनमा ध्यान दिएका छन् । ३५ वर्ष काम गरेर अहिले ३० करोडमुनि कारोबार गरिरहेका सहकारी पनि छन् । १६/१७ अर्ब बचत परिचालन गरेका सहकारी पनि छन् । बचत अचचलनमा परेका, विवादमा परेका, समस्याग्रस्त सहकारीभन्दा भिन्न खालका राम्रो गरिरहेका सहकारी ठूलो संख्यामा छन् । सहकारीजति सबै बिग्रिए भन्ने जुन खालको भाष्य बनेको छ, त्यस्तो होइन भन्ने हाम्रो अनुसन्धानले देखाउँछ । केही विधि, प्रविधि र वित्तीय अनुशासनमा ध्यान दिएका सहकारी समस्यामा छैनन् । यसको दुरुपयोगमाथि प्रश्न उठेको हो । सिंगो सहकारी अभियान नै संकटमा परेको होइन ।

**संकटग्रस्त र समस्याग्रस्त सहकारीमा चाहिँ कस्तो विचलन पाउनुभयो ?**

अकल्पनीय बदमासीहरू छन् । एउटा/दुइटा मान्छेले १ अर्ब ३५ करोड रुपैयाँसम्म ऋण लिएका छन् । त्यस्ता व्यक्तिको सम्पत्तिबाट चुक्ता गर्ने हो भने कतिपय समस्या हल हुन्छन् । कतिपयमा एउटै व्यक्ति २०/२५ वर्ष सहकारीको अध्यक्ष भएका छन् । एउटै व्यक्तिले एउटै अघिल्लो ऋण चुक्ता नगरी २९ पटकसम्म ऋण लिएको फेला परेको छ । सहकारीको बचत लिएर लगानी गर्ने, त्यस्तो लगानी आफ्ना दाजुभाइ, परिवारका सदस्य, मन मिल्ने मान्छेका नाम र कम्पनीमा राख्ने गरेका छन् । एउटै कम्पनीमा ८८/८९ करोडसम्म ऋण लिएका छन् । त्यस्तो काम कुनै सहकारीको सिद्धान्तले गर्न दिँदैन । कानुनले निषेध गरे पनि सहकारीको पैसा कम्पनीमा लगानी गरिएको छ । सहकारीको पैसाबाट निजी सम्पत्ति आर्जन गरेको छ । तर, कानुनले चिन्दै नचिन्ने मान्छेको नाममा लगेर त्यस्तो सम्पत्ति राखिएको छ । दस लाखभन्दा बढी बचत जम्मा गर्दा स्रोत खुलाउनुपर्ने हुन्छ । तर, करोडौं-करोड स्रोत नखुलाई राखिएको छ ।

**यस्तो बेथिति हुँदा नियामक निकायले के हेरेर बसेका रहेछन् त ?**

सहकारीको नियमन गर्नेमा ७५३ स्थानीय तह, ७ प्रदेश र एक सहकारी विभाग गरी ७ सय ६१ वटा नियमनकारी निकाय छन् । सबैले दर्ता गर्छन्, नियमन तिनैले गर्छन् । संसारमै नभएको कुरा हामीकहाँ भएको छ । कुनै नियमनकारी निकायसँग विवरण अद्यावधिक छैन । कहिलेकाहीं छड्के अनुगमन भए पनि रहस्यमय ढंगले त्यो सेलाउने गर्छ । सहकारी ऐन २०७४ पछि ६ सय ९३ भन्दा बढी संशोधन ऐनमा दर्ता भएका रहेछन् । ती सबैको जोड नियमन कमजोर बनाउने रहेछ । हृदयराम थानी सहकारीमन्त्री हुँदा केही गर्न खोज्नुभएको रहेछ तर प्रक्रिया टुंगोमा पुर्‍याउन सक्नुभएनछ । पछि अम्बिका बस्नेत आएपछि प्रक्रियामा पुग्यो । तर नियमनलाई एकातिर राखेर असाध्यै कमजोर सहकारी ऐन जारी भयो । अर्कोतर्फ मन्त्रिपरिषद्ले पारित गर्ने कार्य विस्तृतीकरण प्रतिवेदनले सबैलाई नियमनकारी भनेर तोकिदियो । यसले खासमा काम गर्न सकेन । धन देख्दा महादेवका पनि तीन नेत्र भनेजस्तै पैसाको कारोबार गर्ने संघसंस्थालाई नियमनभन्दा बाहिर राखिएको छ ।

**सहकारीमा बेथिति भित्रिनुका पछाडि सञ्चालकहरूभन्दा पनि राज्यको नीति नै मुख्य कारण भन्ने तपाईंको निष्कर्ष हो ?**

राज्य तहकै संरक्षणमा यस्ता बेथिति भएका छन् । नियमन निकायका अधिकारीको दुई महिनादेखि आठ महिनाका बीचमा सरुवा हुने प्रचलन बनेको रहेछ । प्रमुख प्रशासकीयको नेतृत्वमा पालिकाहरूमा एउटा सहकारीको फाँट हुन्छ । त्यसभित्र पनि अस्थिरता छ । सहकारी विभागमा २०१० सालदेखि २०८१ सालसम्मका पदाधिकारीको रेकर्ड हेर्दा मुस्किलले थोरै मान्छे दुई वर्ष बसेका छन्, नत्र ६ महिना, आठ महिनाभन्दा बढी बस्न पाएका छैनन् । अनुकूल ठानिएका व्यक्ति मात्रै लामो अवधि बसेका छन् । त्यसले पनि नियमनका सूचक र मापदण्ड बनाउने काम भएनन् । वर्षभरिमा ५० भन्दा बढी सहकारीको नियमन गर्ने भनेर बजेटमा उल्लेख भएको हुन्छ । तर, गर्ने बेला त्यसको आधा पनि नहुने रहेछ । नियमनको व्यवस्था र लापरबाहीले यसरी नै चल्छ भनेर छुट दिने काम भइरहेको छ ।

**कतिपय सहकारी सञ्चालक अर्बौं रुपैयाँ लिएर विदेश पलायन भएको भन्ने पनि सुनिन्छ । तपाईंहरूले अध्ययनका क्रममा के पाउनुभयो ?**

एउटा सुमेरु सहकारी कालीमाटीमा छ । त्यहाँबाट २ अर्ब २० करोड रुपैयाँ सुमेरु पुल्चोकमा नगद नै ट्रान्सफर भएको देखिन्छ । सुमेरु सहकारीलाई धकेल्ने मुख्य व्यक्ति भरत महर्जन हुनुहुन्छ । श्रीमती सुमेरु कालीमाटीको अध्यक्ष, उहाँ पुल्चोकको । अहिले उहाँ बेलायतमा हुनुहुन्छ । उतैका नियमनकारी अधिकारीसँग बुझ्दा बेलायतमै उहाँका तीनवटा घर रहेछन् । यसले धेरै सर्वसाधारणको पैसा बाहिर पठाइएको भन्ने देखाउँछ । कति सहकारी सञ्चालकले बचतकर्ताको पैसा लिएर श्रीमती, छोराछोरी र आफन्तको नाममा घरजग्गा जोडेका छन् । सहकारीको सम्पत्ति खोज्दा केही भेटिँदैन । तर, सञ्चालकको खोज्दा यस्तो अवस्था छ ।

**यस्ता सञ्चालकको सम्पत्ति बेचेर सर्वसाधारणको बचत फिर्ता हुने अवस्था छ कि छैन ?**

इमेज पोखरा-बागलुङका देवकुमार नेपाली आफैं आएर आफ्नो र श्रीमतीको नाममा रहेको सम्पत्ति बेचेर ६/८ महिनाभित्र बैंकले लिलाम गर्नुअघि बचत फिर्ता गर्ने वातावरण पाऊँ भन्नुभएको छ । त्यो भयो भने २२ सय बचतकर्ताको पैसा फिर्ता हुने अवस्था छ । भरत महर्जन आएर आफ्नो सम्पत्तिबाट बचत फिर्ता गर्छु भन्ने हो भने सुमेरु पुल्चोकको सम्भव छ । सिभिलका इच्छाराज तामाङ मेरो ८ अर्बको दायित्व छ, १० अर्बको सम्पत्ति छ भन्दै आउनुभएको छ । तर, सिभिल मलकै पार्टनर लालकाजी गुरुङले समितिमै तामाङको भनाइमा सत्यता नभएको बताउनुभयो । धेरै सहकारीको कर तिर्न नै बाँकी छ । सम्पत्ति कति छ भन्नेमै पारदर्शिता छैन । एउटा सहकारीको २० अर्ब दायित्व छ तर सम्पत्ति केही पनि छैन ।

सम्पत्ति कति छ, बचत, दायित्व र ऋण कति हो, जगेडा कोष छ कि छैन भन्ने सूचक विश्लेषणमा प्राविधिक टिमले काम गरेको छ । घरजग्गाको कारोबार पिकमा पुगेका बेलामा सहकारीले उम्लिने गरी लगानी गरेका छन् । घरजग्गामा मन्दी आउनासाथ सहकारी समस्यामा परेको देखिन्छ । राष्ट्र बैंकले निश्चित प्रतिशतभन्दा बढी लगानी गर्न नपाउने भनेर बैंकहरूलाई निर्देशन जारी गरेपछि नै पहिला गुण संकटमा पर्‍यो, त्यसपछि ओरियन्टेल संकटमा गयो । मूलतः सहकारीको बचत सबैभन्दा बढी घरजग्गा, प्लटिङ, हाउजिङ, अस्पताल र कम्पनीमा लगानी भएको देखिन्छ । जोखिम बढी भएका क्षेत्रमा पैसा गएको छ । सुमेरु अस्पताल, सुमेरु सिटी अस्पताल, निदान अस्पताल, अल्का अस्पताल एकै चरणमा खोलिएका हुन् । यी सबैमा सहकारीका बचतकर्ताको पैसा लगानी भएको छ । लालीगुराँसले गोर्खा अस्पताल खोलेको छ । आज निदान अस्पताल बन्द भयो, अरू समस्यामा छन् । यसो हुनुमा बचत लिएपछि फिर्ता गर्ने दायित्व हो भन्ने बुझेनन् । सञ्चालकले बचत रकमको दुरुपयोग गरे ।

**बचतकर्ताहरूको पैसा फिर्ता गराउन समितिको अध्ययनले केही मार्गनिर्देशन गर्न सक्छ ?**

‘टीओआर’ को अनुसूची १ मा २० वटा सहकारी छन् । त्यसमा समितिबाट दुइटा थपिएका छन्- गोर्खा सेभिङ र नेपाल सहकारी वित्तीय संस्था । सिभिल सहकारीलाई समस्या घोषणा गरेर वाग्मती प्रदेशअन्तर्गतको छुट्टै समितिबाट अनुसन्धान भइरहेको छ । काठमाडौं महानगरले नागरिक दैनिक र हिरो भन्ने दुइटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ । तर, उसले घोषणा गर्नेबाहेक केही गरेको छैन । पीडित र पीडिकलाई पनि सम्पर्कमा ल्याइदिन सकेन । ओरियन्टेलसहित पाँचवटा सहकारी सुधीर बस्नेतका जिम्मामा छन् । अर्का खेमराज निरौलाको जिम्मेवारीमा पाँचवटा सहकारी छन् । त्यसपछि बाँकी १२ सहकारीका सञ्चालकलाई कसरी बचतकर्ताको रकम फिर्ता गर्छौं भनेर सोधपुछ गरेका छौं । जस्तो- खेमराज निरौलाको जिम्मामा रहेकामध्ये प्रभु बचत तथा ऋण सहकारीका सञ्चालक राजेश श्रेष्ठ र खुसचन्द्र श्रेष्ठ अमेरिका फरार भएको कुरा निरौलाले सोधपुछमा बताएपछि बल्ल जानकारी भयो । अर्बौं-अर्ब बचत दुरुपयोग गरेका सहकारी छन् । केहीले सेटल हुने चरणमा छौं भनेका छन् । तर, आजका दिनमा बचत फिर्ता हुने अवस्था देखिएको छैन । ज-जसले सम्पत्ति फिर्ताको मागदाबी गर्छन्, सम्पत्ति बिक्री र ऋण असुलीबाट ‘समस्याग्रस्त सहकारी व्यवस्थापन समिति’ ले फिर्ता गर्ने हो । मागदाबी गर्नेको मात्रै फिर्ता हुन्छ । जसले गरेनन् तिनको फिर्ता हुँदैन । त्यसो गर्दा ठूलो रकमको मागदाबी नै नआएको अवस्था छ ।

> दोषी देखिएकालाई नामसहित पनि उल्लेख गर्नुपर्ने हुन्छ, दोषीको पदीय जिम्मेवारीअनुसार भन्नुपर्ने हुन्छ ।
>
> सहकारीमा हामीले पार्टी हेरेका छैनौं, व्यक्तिको विचार र आवरण हेर्न थालियो भने सहकारी अभियान नै धरापमा पर्छ ।
>
> निकै ठूलो रकम जीबी राईले आफ्नो सेरोफेरोमा लगानी गरेको देखिन्छ, बचत फिर्ताको दृष्टिले उनका कम्पनी सबैभन्दा खराब अवस्थामा छन् ।
>
> रवि लामिछाने गोर्खा मिडियामा सेयर सदस्य र प्रबन्ध निर्देशक भएपछि नै यी कारोबार भएको तथ्यहरूले देखाएका छन् ।
>
> समितिको समय थप्दा जसरी मैले हाउसमा प्रस्ताव राखें, प्रतिवेदन पेस भएपछि पनि हाउसले छलफल गर्नुपर्ने हुन्छ ।
>
> सहकारीको बचत सबैभन्दा बढी घरजग्गा, प्लटिङ, हाउजिङ, अस्पताल र कम्पनीमा लगानी भएको देखिन्छ ।

**स्रोत नखुलेको सम्पत्ति थाहा हुन्छ भनेर मागदाबी नगरिएको हो ?**

बचतकर्ता विभिन्न थरीका छन् । एउटै व्यक्तिले ४१ करोड, ८/९ करोड बचत गरेका छन् । झापामा यामबहादुर विष्ट भन्ने हुनुहुन्छ, उहाँले जग्गा बचेर ११ करोड रुपैयाँ गुडविलमा जम्मा गर्नुभएको रहेछ । सञ्चालकहरूले बचत हिनामिना गरेपछि अहिले उक्त सहकारी संकटमा छ र विष्ट आन्दोलनका लागि काठमाडौं आउनुभएको छ । समितिमा आएर उहाँले आफूसँग औषधि खाने पैसासमेत नभएको भन्नुभएको छ । सहकारीमा बचत गरिएका सबै स्रोत खुलेको सम्पत्ति छैन । विदेशबाट कमाइ गरेर ल्याएको पैसा ब्याजको लोभमा जम्मा गरेका पनि थुप्रै छन् । सम्पत्ति शुद्धीकरण कानुनअनुसार स्रोत लुकाइएको पत्ता लागेमा कानुनले पाँच करोड रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था छ । ऐन आएपछि स्रोत खुलाउन थालिएको देखिन्छ । नत्र पहिचान नराखेर सहकारीमा पैसा राख्ने गरिएको थियो ।

**धेरै विवादमा रहेको जीबी राई नेतृत्वको सहकारी संस्थाको सम्पत्ति बिक्रीमार्फत ती संस्थाका बचतकर्ताको पैसा फिर्ता गर्ने अवस्था छ कि छैन ?**

जीबी राई नेतृत्वका सातवटा सहकारी डेढ दर्जनभन्दा बढी व्यक्तिका नाममा रहेको देखिन्छ । ती संस्थाको सम्पत्ति निकै कम छ । सम्पत्ति बिक्रीबाट बचतकर्ताको पैसा फिर्ता हुने सम्भावना ज्यादै कम छ । सञ्चारमाध्यममा आएअनुसार करिब १६ अर्ब र हामीले प्रणालीबाट हेर्दा करिब ८ अर्ब बचत फिर्ताको दायित्व छ । तर, सहकारीको आफ्नो नाममा कुनै सम्पत्ति, घरजग्गा छैन । ऋण लगानी पनि सदस्यमा भएको छैन । गोर्खा मिडिया नेटवर्कलगायत जीबीका अरू कम्पनीमा ठूलो लगानी भएको छ । यसरी हेर्दा निकै ठूलो रकम जीबीले आफ्नो सेरोफेरोमा लगानी गरेको देखिन्छ । ती सबै कम्पनीको वित्तीय अवस्था नाजुक छ । बचतकर्ताको बचत फिर्ताको दृष्टिले हेर्दा राईका कम्पनी सबैभन्दा खराब अवस्थामा छन् ।

**खासगरी गोर्खा मिडिया प्रालिका अध्यक्ष जीबी राईसँग सम्बन्धित आधा दर्जनभन्दा बढी सहकारीबाट धेरै रकम अपचलन भएको र त्यसमध्ये करिब ८६ करोड रुपैयाँ गोर्खा मिडियामा गएको भन्ने छ । तत्कालीन प्रबन्ध निर्देशकको हैसियतले यो कारोबारमा पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने पनि जोडिनुभएको भन्ने छ । यसबारेमा अध्ययनले के देखाएको छ ?**

जीबी राईले सानोपाइला, सुप्रिम, सूर्यदर्शन, साहारा र स्वर्णलक्ष्मी गरी पाँचवटा संस्थाबाट कहीं सिधै र कहीं विभिन्न व्यक्तिका नाममा ऋण खडा गरेर तिनै व्यक्तिका नाममार्फत कम्पनीहरूमा रकम पठाएको देखिन्छ । सोही क्रममा रवि लामिछानेको नाममा पनि बुटवलको सुप्रिम, पोखराको सूर्यदर्शनलगायत संस्थाबाट ऋण खडा गरेर पैसा ल्याएको देखिन्छ । त्यो पैसा लामिछानेकै खातामा जम्मा गरेको देखिन्छ । त्यो पैसा फेरि गोर्खा मिडिया नेटवर्कको नाममा नामसारी गरिएको छ । यी तथ्य ती सहकारी संस्थाले प्रयोगमा ल्याएको कारोबार प्रणाली (सिस्टम), नियमनकारी निकायले गरेको छानबिन, पोखरा महानगरपालिका र लुम्बिनी प्रदेश सहकारी कार्यालयमार्फत गरिएका अध्ययन अनुसन्धान, वित्तीय विश्लेषण र प्रहरी अनुसन्धानले देखाउँछ । विभिन्न मान्छेको नाममा ऋण खडा गरेर पेस्की फछ्र्योट गरेको देखिन्छ । रवि लामिछाने- सिर्जना चोक कास्की, बुटवल-११ भनेर ऋण खडा गरिएको छ । ती नाम नक्कली भएको भनिए पनि त्यो पैसा गोर्खा मिडिया नेटवर्कमा आएको छ । तर, त्यो पैसा सहकारीको हो भनेर सिस्टममा नदेखिने गरी प्रबन्ध मिलाइएको छ । छोटो अवधिको निर्ब्याजी ऋणका रूपमा जीबी राईले दिएको भनेर देखाइएको छ । यद्यपि यी तथ्यहरूको विश्लेषण भइरहेकाले अहिले नै निष्कर्षमा पुग्न सकिँदैन ।

**लामिछाने गोर्खा मिडियामा प्रबन्ध निर्देशक हुँदा र भएपछि सहकारीबाट पैसा आएको प्रमाण त छ नि ?**

लामिछाने गोर्खा मिडियामा सेयर सदस्य र प्रबन्ध निर्देशक भएपछि नै यी कारोबार भएको तथ्यहरूले देखाएका छन् । अहिले तथ्य विश्लेषणमा समिति लागिरहेको छ ।

**लामिछानेले सार्वजनिक रूपमै ‘मैले सहकारीबाट पैसा लिएको प्रमाण छ भने दिनुस् भनेर मागिरहेको छु तर कहींकतैबाट पाइनँ’ भन्नुभएको छ । ती प्रमाण समितिले उहाँलाई देखायो कि देखाएन त ?**

लामिछानेले समितिलाई विभिन्न विषयका कागजात उपलब्ध गराउनुभएको छ । जीबी राईसँगको परिचयदेखि एउटै कम्पनीमा व्यावसायिक साझेदार बनेको, टेलिभिजन स्थापना र सञ्चालन गरेकोलगायत सन्दर्भमा प्रश्न सोधिएका छन् । उहाँले भन्नुपर्ने भन्नुभएको छ । अहिले समितिमा विभिन्न तथ्य, कानुनी प्रबन्ध हेरेर विश्लेषण गर्ने काम भइरहेको छ । लामिछाने मात्र नभएर बयान दिन आउने जोकोहीलाई समितिले प्रश्न सोध्ने र उहाँहरूको उत्तर लिने हो । हामीसँग यो प्रमाण छ भनेर देखाउने होइन । हामीसँग भएका प्रमाण, तथ्य त प्रतिवेदनमा आउँछन् ।

**संसद्मा निकै चर्चाचर्कीपछि यो समिति गठन भएको हो । प्रतिवेदनले जनअपेक्षा पूरा गर्न सक्ला ?**

हाम्रो विश्लेषणमा अहिले समग्र सहकारी क्षेत्र विश्वसनीयताको संकटबाट गुज्रिरहेको छ । बचत अपचलन र दुरुपयोग सबै सहकारीले गरेका छैनन्, जतिले गरेका छन् त्यो हिस्सा सानो छ । तर, प्रभावितहरूको संख्या ठूलो छ । करिब १५ हजार बचत तथा ऋण सहकारीमध्ये ५ सयभन्दा कम संस्थामा मात्र समस्या छ । बचतकर्ताले बचत नगर्ने, ऋणीले ऋण नतिर्ने अवस्थाले भविष्यमा सहकारीमा ठूलो पहिरो आउने सम्भावना छ । सहकारीको समस्या समाधानका लागि तत्कालै ठीक ढंगले हस्तक्षेप गरिएन भने समग्र वित्तीय क्षेत्र नै प्रभावित हुने देखिन्छ । नियमनकारी निकायले अहिलेजस्तो भगवान् भरोसामा सहकारीलाई छोड्नुभएन । नियमित नियमन, सुपरिवक्षेण, तथ्य विश्लेषणका आधारमा जहाँ समस्या देखिन्छ, समाधान गरेर लानुपर्छ । प्रतिवेदन बनाइरहँदा बचत फिर्तालाई केन्द्रबिन्दुमा राखिएको छ । यस वर्षको बजेटमार्फत पनि सरकारले पाँच लाखभन्दा साना बचतकर्ताको पैसा फिर्ता गर्ने कार्यक्रम छ । विभिन्न आकांक्षाका साथ नियमित बचतमार्फत जम्मा भएको सानो रकमलाई सबैभन्दा पहिले फिर्ता गर्नुपर्छ । त्यसपछि मात्र ठूला बचतकर्ताको रकम फिर्ता गर्नुपर्छ ।

**पीडितको पैसा राज्यले तिर्ने सम्बन्धमा पनि कुरा आइरहेको छ । सीमित व्यक्तिले ऋण लिएर नागरिकको पैसा हिनामिना गर्ने अनि सरकारलाई तिर भन्न मिल्छ र ?**

यसबारेमा समितिले अर्थ मन्त्रालयलगायत धेरै निकाय, विज्ञसँग छलफल गरेको छ । समस्या समाधानको विकल्प समितिले दिने तर ती कार्यान्वयन भएन भने सुझाव दिनुको अर्थ हुँदैन । यसकारण हाम्रो बजेट प्रणाली, बजेटको सामर्थ्य, सञ्चित कोष, राजस्व परिचालनलगायत सबै स्थिति हेर्दा बचत फिर्ताका लागि राज्यकोषबाट गर्न सक्ने स्थिति कति हुन्छ ? अहिले राज्यको राजस्व संकलनले मुस्किलले साधारण खर्च धानेको अवस्था छ । गत आर्थिक वर्ष र त्यसभन्दा अघिका सरकारका कार्यक्रम, बहुवर्षीय योजना, कर्मचारीको तलब भत्तालगायतले राज्यका दायित्व निकै बढेका छन् । बचतकर्ताले त सबैभन्दा पहिले आफूले पैसा पाउनुपर्‍यो, राज्यले अरू काम बाटो, पुल, शिक्षा, स्वास्थ्यमा किन गर्नु पर्‍यो पनि भन्लान् । तर, राज्यको अवस्था के हो, आयका अरू स्रोतहरू के के हुन्छन् लगायत विषयमा हामी छलफल गरिरहेका छौं ।

**समितिको प्रतिवेदनमा बचत अपचलनमा दोषी देखिएकालाई कारबाहीका लागि नामै किटेर सिफारिस गर्नुहुन्छ ?**

बचत अपचलन, दुरुपयोग र ठगीलाई फरक फरक ढंगले हेर्नुपर्ने हुन्छ । कानुनले वर्जित गरेका काम भएका छन् भने कानुनविपरीत काम गर्नेलाई के सजाय हुन्छ ? त्यो प्रतिवेदनमार्फत भन्नुपर्ने हुन्छ । सहकारी स्वनियममा सञ्चालन हुने संस्था हो । तर आज कोहलपुरको मान्छेले भक्तपुरमा बचत परिचालन गर्ने र डडेलधुरामामा बचत परिचालन गर्ने गरेको देखिन्छ । कानुनविपरीत यस्ता काम भइरहँदा गैरकानुनी गतिविधि हेर्ने सरकार छ, गल्ती गर्नेले कारबाही भोग्नुपर्छ भन्ने अनुभूति गराउनुपर्थ्यो । यो कुरा सरकारलाई समितिले जानकारी दिनुपर्नेछ ।

**तपाईंको भनाइका आधारमा समितिले प्रतिवेदनमा नामै किटेर दोषीलाई ‘यो कसुरमा यस्तो कारबाही गर्नु’ भनेर सिफारिस गर्छ भनेर बुझ्दा हुन्छ ?**

दोषी देखिएकालाई नामसहित पनि उल्लेख गर्नुपर्ने हुन्छ । दोषीको पदीय जिम्मेवारीअनुसार पनि भन्नुपर्ने हुन्छ । परिस्थितिजन्य हिसाबले पनि वित्तीय कारोबार संकट आएको हुन सक्छ । स्थापनामा आएका सबै कम्पनीका सबै कारोबार सफल नै हुन्छन् भन्ने हुँदैन । तर नियतवश गोलमाल भएको छ भने त्यसको उपचार कडा सजायबाटै गर्नुपर्ने हुन्छ । परिस्थितिका चपेटामा परेर सहकारीलाई राज्यले अभिभावकको भूमिका खेल्नुपर्ने पनि हुन सक्छ ।

**नेपालमा धेरै संसदीय समिति र तिनका प्रतिवेदन पनि कसैलाई फसाउन र कसैलाई चोख्याउन बनेका देखिन्छन् । तर तीमध्ये अधिकांश कार्यान्वयनमा आउँदैनन् । यो समितिको प्रतिवेदन पनि दराजमै थन्किने जोखिम कति देख्नुहुन्छ ?**

यसअघिका सबै संसदीय समितिले राम्रा काम गरेका छैनन् भन्ने होइन । पछिल्लो पटक बजेटमा करका दर हेरफेर सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेशको विषयमा गठन भएको समितिको प्रतिवेदनले संसदीय समितिको विश्वसनीयतामा केही प्रश्न उठेको हो । तर, सहकारीको समस्या सत्तापक्ष, प्रतिपक्ष भनेर निश्चित व्यक्ति, दल, समूहको नभए आमजनता र समग्र नेपाली अर्थतन्त्रको हो । यो समस्या ठीक ढंगले समाधान गरिएन भने समग्र अर्थतन्त्रमा गम्भीर खालका परिणाम ल्याउने सम्भावना छ । यो गम्भीरतालाई आत्मसात् गरेर सोहीअनुसार प्रतिवेदन निर्माण र कार्यान्वयन गर्ने हाम्रो प्रयास छ । सरकारले पनि पूर्णरूपमा कार्यान्वयन गर्छ भन्ने हाम्रो विश्वास छ ।

**छानबिनका क्रममा जे जस्तो तथ्य देखिए पनि प्रतिवेदनको निष्कर्ष राजनीतिक मिलेमतोबाट हुने र यसका लागि तपाईंलाई ठूलो दबाब छ पनि भनिन्छ नि । यथार्थ के हो ?**

मलाई कुनै राजनीतिक दबाब छैन । समितिका सबै सदस्यबीच सौहार्दपूर्ण वातावरणमा काम भएको छ । तथ्यका आधारमा एक ढिक्का भएर समितिले काम गरिरहेको छ । समितिले कुनै पक्ष, विपक्ष, पूर्वाग्रहका आधारमा नभएर तथ्य विश्लेषणका आधारमा सुझाव र सिफारिस दिन्छ । सभापतिको हैसियतले अन्तिम प्रतिवेदन पनि सबैको सहमतिमै बन्छ भन्नेमा पूर्ण विश्वस्त छु ।

**मुलुकभरका अधिकांश सहकारी एमाले पार्टीनिकट व्यक्तिका छन् । यसकारण पनि तपाईंलाई सहकारी समस्या समाधानमा खरो रूपमा उत्रिन अप्ठेरो त परेको छैन ?**

अनुसन्धानका क्रममा को कांग्रेस, एमाले, माओवादी, रास्वपा भनेर हेरिएको छैन । अपचलन, दुरुपयोग र ठगीमा संलग्न जोकोहीलाई पनि आवरण नहेरी छानबिन गर्ने समितिको आधारभूत मान्यता हो । व्यक्तिको आवरण हेर्न थालियो भने सहकारी अभियान नै धरापमा पर्छ । एमालेले संस्थागत रूपमा कुनै सहकारी चलाएको छैन । व्यक्तिगत रूपमा सहकारीमा सहभागी हुनेले कानुन, विधि विधान, मान्यता सबै पालना गर्नुपर्‍यो । त्यसो नगरेर कानुनविपरीत काम गरेको छ भने कारबाही भोग्नुपर्‍यो । कांग्रेसमा सहकारी विभाग प्रमुख रहिसकेका सुरेन्द्र भण्डारी र एमालेमा सहकारी विभाग प्रमुख रहिसकेका केबी उप्रेती दुवैका सहकारी समस्याग्रस्त घोषणा भएका छन् । तीमध्ये भण्डारी तारिखमा छुटेका छन् भने उप्रेती जेलमा छन् । यसले पनि छानबिनका क्रममा रहेका व्यक्तिको कुनै आवरण हेरिएको छैन ।

काठमाडौं कलिङ महोत्सव

# बहसमा नायकदेखि महानायकसम्म



**सुजता मुखिया** (काठमाडौं)

फिल्मका मुख्य पात्रलाई हिरो, नायक, अभिनेता, महानायक, स्टार, सुपरस्टार, मेघास्टारजस्ता अनेक विशेषण दिइने गरिन्छ । कतिपय कलाकार आफूलाई हिरो भनेकोमा मन पराउँछन् त कतिले अभिनेता मात्र । कोहीलाई नायक भनिदिँदा ठीक लाग्छ भने नेपाली फिल्म क्षेत्रमा महानायक को भन्नेसमेत हानाथाप भएको पाइने गर्छ ।

नेपाली फिल्म क्षेत्रका तीन प्रभावशाली कलाकार सुरक्षा पन्त, दयाहाङ राई र दीपकराज गिरीले ललितपुरको होटल हिमालयमा शनिबारदेखि जारी काठमाडौं कलिङ महोत्सवमा यही विषयको सेरोफेरोमा चर्चा गरे । कार्यक्रम सञ्चालक तथा फिल्म समीक्षक सुशील पौडेलले तीनै जना वक्तालाई सोधे, तपाईं आफूलाई हिरो, अभिनेता, नायक वा महानायक के भनेको सुन्न रुचाउनुहुन्छ ? जवाफमा दीपकराजले भने, 'मलाई नायक, महानायक, सम्राट्, मेगास्टार वा सुपरस्टारजस्ता विशेषणभन्दा कलाकार भनेको मन पर्छ ।' यही प्रश्नको जवाफमा सुरक्षाले थपिन्, 'मलाई चाहिँ हिरोइन भनेको सुन्न मजा आउँछ । गदगद महसुस हुन्छ । तर, आत्मसात् गर्न र काममा लागू गर्ने सबालमा कलाकार भनिदिएको भए हुन्थ्यो भन्ने लाग्छ ।'

दयाहाङका लागि भने 'हिरो' आयु अस्थायी हुने लाग्छ । भन्छन्, 'हिरो एउटा टाइटल हो । समयको परिवर्तनसँगै नायकको परिभाषा पनि बदलिँदै जाने रहेछ । म केवल अभिनयका लागि बाँच्ने भएकाले आफूलाई अभिनेता भन्न रुचाउँछु । कलाकारभन्दा पनि उसले निर्वाह गर्ने पात्रहरू चाहिँ कथाभित्रका नायक हुन् ।' 'नायक र नायकत्व' विषयक उक्त छलफलमा नायक, नायकत्व र पात्रबीचको अन्तर्सम्बन्धबारे वक्ताहरूले आफ्ना मत राखेका थिए । नायकले पात्र जन्माउँछ वा पात्रले नायक जन्माउँछ भन्ने सबालमा सुरक्षा दुवै सत्य र दुवै एकआपसमा परिपूरक जस्तो लाग्ने धारणा राख्दै भन्छिन्, 'तर पात्रमा नायकत्व स्थापित गर्ने कुराले बढी अर्थ राख्छ, फिल्ममा एउटा कलाकारले कति धेरै पात्रहरू बाँचिरहेको हुन्छ, कुनै फिल्ममा एउटा विशेष पात्रले नायकत्व लिएर अगाडि बढिरहेको हुन्छ । कलाकारले त्योप्रति इमानदारिता राख्नुपर्छ ।'

यसबारे दयाहाङले भने समय र परिस्थितिले नायकको परिभाषा परिवर्तन हुने धारणा राखे । 'अहिलेको समयमा समाजले नायक खोजिरहेको छ, उनीहरूबाट क्षणभरमै समाजले परिवर्तन खोजिरहेको छ । तर त्यो समाजको एउटा भ्रम हो,' उनले थपे, 'चलचित्रका पात्रको भूमिका एउटा अभिनेताले इमानदार भएर निर्बाह गरेमा सुन्दर सिनेमा बन्छ भने जस्तै आम नागरिकले पनि सही भूमिका निभाए सुन्दर समाज बन्छ । नायक आएर परिवर्तन हुने भन्ने होइन ।'

दीपकराज पनि दयाहाङसँग सहमत देखिए । 'परम्परागत भाषामा जुन नायक भनिन्थ्यो, त्यो फरक हो । आजकल नायक भिन्नभिन्न शैलीका छन् । प्रविधिको जोडबलमा उभिएको नायक जस्तै, 'केजीएफ' को रक्की जस्तो । प्रविधिले उसको उपस्थितिलाई विशाल बनाएर पहिले नै नायकका रूपमा स्थापित गरिदिन्छ । बीजीएमले बनाएको नायक,' उनले भने, 'तर पात्रको बलबुताले बन्ने नायक, हाम्रै माटोमा खेलेर हुर्केका, जिन्दगीको भोगाइबाट निस्केका पात्रबाट नायक हुनु महत्त्वपूर्ण हो ।' फिल्मको पर्दामा नायक बनेर देखिए पनि अभिनेताहरूले सुसंस्कृत सभ्य समाज निर्माणका लागि नायकत्व स्थापित गर्न नसकेकामा भने दीपकराजको स्वीकारोक्ति रह्यो । भने, 'हामी अझै पनि अभिनेताबाट नायक नै बन्न सकिरहेका छैनौं, तर होडबाजी चाहिँ महानायकका लागि गर्छौं । मेरा लागि त्यो व्यर्थको बहस लाग्छ ।' महोत्सव आईतबारसम्म चल्नेछ ।


## हार्दिक समवेदना



जन्म मितिः २०२४।११।२६

स्वर्गारोहण मितिः २०८१।०५।११

(स्व.पुस्कर नाथ गौतम)

यस **लामाटार कृषि वहुउद्धेशीय सहकारी संस्था लिमिटेडका** संचालक सदस्य **ई. पुस्कर नाथ गौतम को** असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस भनी ईश्वर संग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौ ।

**लामाटार कृषि वहुउद्धेशीय सहकारी संस्था लि. परिवार,**
**महालक्ष्मी न.पा.९, लामाटार, ललितपुर**


# संगीत प्रशिक्षणमा जमेकी सरिता



**सन्जु पौडेल** (लुम्बिनी)

*क, क, क, क, कलकल बग्ने कति हो पानी*
*ख, ख, ख, ख, खलखल पसिना किन हो नानी ?*
*जथाभावी फोहोर फाल्ने बानी नगरौं*
*घरआँगनको फोहोरलाई व्यवस्थापन गरौं*
*अनेक रोग भित्रिँदै छ प्रदूषणकै कारण*
*त्यसैले नै राखौं सफा स्वच्छ वातावरण*

विद्यालयका कक्षाकोठामा विद्यार्थीले रमाउँदै गुनगुनाउने 'राइम्स' होस् या नगरका घरघरमा फोहोर संकलनका लागि आउने सवारीसाधनमा घन्किने वातावरणको गीत । गायन हो, रूपन्देहीकी ३७ वर्षीया सरिता पन्थी सुनारको । रूपन्देहीको सैनामैना नगरपालिका-११ सालझन्डीकी सरिता परिवारकी जेठी छोरी हुन् । परिवारको आर्थिक अवस्था बलियो थिएन, खेतीकिसानी गरेर गुजारा चल्थ्यो । चार छोरीलाई बुवाआमाले जसोतसो पढाए । एसएलसीसम्म स्थानीय नवप्रभात माविमा अध्ययन गरेकी सरिताले त्यसपछि क्याम्पस भर्ना भइनन् । संगीत कक्षामा भर्ना भएर त्यसैलाई करियरका रूपमा अघि बढाउने सोच बनाइन् । विद्यालयमा आयोजना हुने प्रतियोगितामा भाग लिन्थिन् । उनको स्वर सुनेर गुरुहरूले संगीत सिक्न सल्लाह दिन थालेपछि भारतको इलाहाबादमा रहेको संगीत विद्यालयका लागि बुटवलस्थित बागेश्वरी संगीतालयमा भर्ना भएर गीत/संगीत सिक्न थालिन् । 'फुपू बुटवलमा बस्नु हुन्थ्यो, म पनि त्यहीं बसेर सिक्न थालें,' उनले भनिन्, 'बुवाआमा, बहिनीहरूले संगीत सिक्न जान्छु भन्दा मानेका थिएनन्, तर मैले अडान छाडिनँ ।' बागेश्वरी संगीतालयमा सरिताले ४ वर्षे कोर्स पूरा गरिन् । उनका अनुसार कक्षा बुटवलमा लिए पनि परीक्षा दिन भारतको गोरखपुर जानुपर्थ्यो । २०६२ देखि २०६५ सम्म अध्ययन गरेपछि पास भएर प्रमाणपत्र पाएको उनले बताइन् । त्यसपछि उनी संगीतकला तिखार्न भनेर काठमाडौं लागिन् । फुपूकै सहायतामा काठमाडौंमा बसेर संगीतमा २ वर्षे डिप्लोमा गरिन् । उनले काठमाडौंमा प्रकाश गुरुङसँग संगीत सिकेको बताइन् । संगीत कला सिकिरहेकी थिइन् । काठमाडौंको बसाइँका क्रममा उनलाई गायिका बन्न पाए हुन्थ्यो भन्ने रहरले पछ्यायो । गुरुले कोरस समूहमा पारिदिएकाले बेलाबेला त गाउन पाइरन्थिन् । तर पूर्णकालीन गायिका बन्ने चाहनालाई भने चाँडै पूरा गर्न सकिनन् । उनको अनुभवमा नयाँ ठाउँ, नयाँ मानिसहरू, कसैले प्रयोग गर्ने नियतले बोले, कसैले हेपेर बोले । त्यसपछि काठमाडौं छाडेर बुटवल आइन् ।

उनी २०६७ मा बुटवल फर्किइन् । बुटवलमा फुपूसँगै बसिन् । आफूले सिकेको कला बागेश्वरी संगीतालयमा आबद्ध भएर अरूलाई सिकाउन थालिन् । त्यहींबाट उनको संगीत प्रशिक्षकको यात्रा सुरु भयो । 'मेरो त गायिका बन्छु भन्ने चाहना थियो,' उनले भनिन्, 'तर, पेसागत रूपमा प्रशिक्षक भएँ, त्यसैले गीत गाउने काम सोचे जस्तो धेरै गर्न सकेकी छैन ।' कसैसँग झ्याप्प भेट हुँदा बोलिहाल्ने बानी छैन । त्यसैले मलाई गीत गाउन दिनुहोस् भनेर अनुरोध गर्न नजान्दा पछि परें कि जस्तो लाग्ने उनले बताइन् । सरिता हार्मोनियममा विद्यार्थीलाई राग, ताल, गीतको लय र स्वर सिकाउँछिन् । तानपुरा, मादल बजाउन पनि सिकाउँछिन् । बागेश्वरी संगीतालयमा उनलाई गुरु सुरेश सेन्चुरीको साथ छ । त्यसबाहेक स्थानीय विद्यालय र अहिले रागश्री संगीतालयमा पनि संगीत सिकाइरहेकी छन् । 'म निरन्तर रियाज गर्दै विद्यार्थीलाई सिकाउँछु,' उनले भनिन्, 'साना बाबुनानीदेखि ७० वर्षका पनि विद्यार्थीका रूपमा हुनुहुन्छ ।' सरिता आफूले रोजेको पेसाबाट खुसी छिन् । उनले २०७९ सालमा रेडियो नेपालबाट स्वर परीक्षासमेत पास गरिन् । परिवारका सदस्य मक्ख छन् । उनीहरू सरिताले गीत सुन्ने, स्टेजमा गाएको हेर्न पुग्छन् । अहिले आर्थिक रूपमा कमाइ पनि सन्तोषजनक छ । गीतसंगीत सिकाएर पनि कमाएको देखेपछि परिवारले जीवनमा फरक पढाइले पनि सफलता मिल्दो रहेछ भन्ने बुझेका छन् । पहिलो पटक सरिताले एउटा दोहोरी गीत गाएकी थिइन् । त्यसपछि दिल चलचित्रमा गाउने मौका पाइन् । उनले सोलो एल्बम २ वटा निकालेकी छन् । उनको व्यस्तता फरक खालको छ । मुलुकभरिका विभिन्न संघसंस्था, पालिकाका वातावरण संरक्षणका गीत, विद्यालयका गीत, राइम्समा स्वर भरेकी छन् । यस्ता रचना ल्याएर उनीसमक्ष आउने गरेका छन् । उनले स्वर भर्ने गरेकी छन् । संगीत प्रशिक्षणमा रमाइरहेकी उनी अन्य कलाकार जसरी हाइलाइटमा आउने चाहना नरहेको बताउँछिन् । 'पर्दा पछाडिकै कामबाट मलाई धेरै सन्तुष्टि मिलेको छ,' उनले भनिन्, 'मैले सिकाएका विद्यार्थी बरु अन्तर्राष्ट्रियस्तरमै गाउने भइसकेका छन् ।' सुरेश सेन्चुरीसँग सिक्न आउने विद्यार्थीले सरितासँग पनि सिकेका हुन्छन् । गायिका एन्जिला रेग्मी, सुजाता पाण्डे, अफ्सर अली, विशाल आत्रेयलगायत सरिताका विद्यार्थी हुन् । उनीहरूले नेपालका विभिन्न रियालिटी सो र आफ्ना गीतमार्फत सांगीतिक क्षेत्रमा प्रगति गरिरहेका छन् ।

काठमाडौंमा संगीत सिक्न बस्दा विभेद सहनुपर्‍यो । त्योभन्दा ठूलो जातीय विभेद विद्यालय तहबाटै खेपिन् । विद्यालय नगएका दिन शिक्षकले जातीय विभेद गर्दै खिज्याएको, साथीभाइ हाँसेको तीतो सम्झना अझै याद आउँछ । 'धेरै पटक सरले त्यही शब्द भनिरहेपछि कम्प्लेन गरें,' उनले भनिन्, 'कक्षा ८ मा पुग्दा मैले गोत्रीय थरमा पन्थी थपेर नाम लेख्न थालें ।' उनीमाथि विभेद गर्ने ती शिक्षक रेस्टिगेट भए । तर सामाजिक दृष्टि बदल्न धेरै गाह्रो रहेको उनले बताइन् । 'अहिले पनि केही विद्यार्थी आउनुहुन्छ, मैले दिएको प्रसाद नखाने, पानी नपिउने, दुःख लाग्छ,' उनले भनिन् । संगीतका लागि दौडधुप चलिरहेका बेला उनलाई किन यो पेसा रोजेछु, छोडेर बसौं कि भन्ने पनि लाग्यो । उनी ४ महिनाजति घरमा बसिन् । आर्थिक अभावले कमजोर हुँदा सोलो एल्बम गर्न नसक्नु, गाउने रहरलाई पछाडि राख्न पर्नु जस्ता चिन्ताले मन दुखेपछि उनलाई यो यात्रा टुंग्याउन मन लाग्यो । तर, आफ्ना गुरु सुरेश सेन्चुरीले आफूले जानेको कुरा अरूलाई सिकाउनु पनि महान् काम हो भन्ने बुझाएपछि उनले प्रशिक्षणलाई निरन्तरता दिइरहेको उनले बताइन् ।

> दैनिक ८ वटा कक्षामा विद्यार्थीलाई सिकाउँछिन्, साताको २ दिन एक विद्यालयमा बालबालिकालाई सिकाउन जान्छिन्, त्योबाहेक गीत रेकर्ड गर्न परे स्थानीय स्टुडियो, काठमाडौं जानेआउने क्रम चलिरहेको छ

सरिता दैनिक ८ वटा कक्षामा विद्यार्थीलाई सिकाउँछिन् । साताको २ दिन एक विद्यालयमा बालबालिकालाई सिकाउन जान्छिन् । त्योबाहेक गीत रेकर्ड गर्न परे स्थानीय स्टुडियो, काठमाडौं जानेआउने क्रम चलिरहेको छ । बुवाआमा र एक बहिनी अहिले सालझन्डीमै बस्छन् । उनी कोठा भाडामा लिएर बुटवलमा बस्दै आफ्नो काम गरिरहेकी छन् । बेलाबेलामा घर जान्छिन् । 'बीचमा फेरि विवाहको कुराले हैरान थिए,' उनले भनिन्, 'संगीतको लगावले उता सोच्ने समय नै भएन, अहिले सामान्य लाग्छ ।' उनको आवाजलाई मन पराएर कति राम्रो भन्दै विवाह गर्छु भन्नेहरू नआएका होइनन्, उनलाई त्यो सबै आवाजको आकर्षण मात्र हो भन्ने लागेर उनले वास्ता गरिनन् । संगीतले दिने आनन्द, मानिसलाई स्थिर, संयमित बनाउने सांगीतिक शक्ति र एक दबाइकै रूपमा यसको अनुभूति गरेकाले सरिताले अरू कुरामा त्यति चासो नराख्ने बताइन् । उनी बिहान ६ बजेदेखि कक्षामा पस्छिन्, साँझ ७ बजे सबै कक्षा सकेर फर्किन्छिन् । कुनै बेला भने घाँटीले दुःख दिन्छ । उनी तातो पानी पिउँदै सिकाउँछिन् तर गीत रेकर्ड गर्नुपर्दा भने त्यसको प्रभाव स्वरमा झल्किन्छ । त्यसैले उनी स्वरको जतन गरेर अघि बढ्दै सिकाइरहन चाहन्छिन् ।

# उपाध्यायको पुस्तक सार्वजनिक



काठमाडौं (कास)- पूर्वप्रशासक सूर्यनाथ उपाध्यायको 'अन्तर्राष्ट्रिय जलप्रवाह कानुन : नेपाल-भारत सहकार्यको दृष्टिकोण' पुस्तकको शनिबार विमोचन गरिएको छ । पुस्तक विमोचन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-भारतबीचमा केही समस्याहरू रहेको र तिनको समाधानका लागि आफ्नो प्रस्तावमा दुवै प्रधानमन्त्रीबीचको सहमतिमा प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) गठन गरिएको बताए ।

'भारत लामो संस्कृति भएको छिमेकी मित्र हो । हामीले खुला/खुलस्त रूपमा छिमेकीसँग कुरा गर्नुपर्छ । खुल्ला कुरा राख्न नसकेर भूराजनीतिको टाउकामा दोष थोपर्न मिल्दैन,' ओलीले भने, 'सत्ता प्राप्त गर्न र टिकाउन जे पनि गर्ने र मुख बन्द गर्ने वा टाउको हल्लाउने काम हामीले गर्नु हुँदैन ।'

भूराजनीति शब्दलाई आफ्ना स्वार्थी कामको ढाकछोप गर्न वा कायरपन प्रदर्शनका लागि प्रयोग गर्न नहुने तर्क राख्दै प्रधानमन्त्री ओलीले विदेशमा बसेर देशका प्रमुखलाई विरोध गर्ने संस्कृति नेपाली संस्कृति नभएको टिप्पणी गरे ।

संविधानविद् डा. विपिन अधिकारीले नेपालको जलसम्पदाको सही उपयोग गर्ने गरी छिमेकी मुलुकसँग संवाद गर्न सक्नुपर्नेमा जोड दिए ।

# हरि रोकाको 'वैकल्पिक अर्थतन्त्र'

काठमाडौं (कास)- अर्थशास्त्री हरि रोकाले 'वैकल्पिक अर्थतन्त्र' पुस्तक बजारमा ल्याएका छन् । पुस्तकको काठमाडौंको प्रज्ञा प्रतिष्ठानस्थित डबलीमा काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्राडा. अच्युत वाग्ले, योजना आयोग सदस्य गीता पौड्याल अधिकारी, नेता घनश्याम भुसाल, कान्तिपुर दैनिकका प्रधान सम्पादक उमेश चौहानले विमोचन गरे ।

रोकाले राजनीतिक व्यवस्था परिवर्तन भएपछि अर्थतन्त्रको अवस्था परिवर्तन हुन्छ र मुलुक विकासतर्फ अघि बढ्छ भनिए पनि कार्यान्वयनमा ती कुरा लागू नभएको टिप्पणी गरे । 'सबै कुरा बहुदल आएपछि सबै ठीक हुन्छ भनियो । बहुदल आएपछि अर्थतन्त्रको व्यवस्थापन गर्ने अधिकार थोरै मान्छेको हातमा गयो,' उनले भने ।

संविधानमा नै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने भन्ने व्यवस्था रहेकोमा त्यसको कार्यान्वयनको अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा एसका महासचिव घनश्याम भुसालले समाजवादको भाष्य नै बिगारिएको बताए । सरकारले संकल्प गरेमा ५ वर्षमा नेपाल कृषि उपजमा आत्मनिर्भर हुन सक्ने भुसालको भनाइ थियो ।

योजना आयोगकी सदस्य अधिकारीले केन्द्रमा योजना बन्ने गरेपनि स्थानीयस्तरमा कार्यान्वयन नभएको बताइन् । अर्थविद् एवं काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्राडा. वाग्लेले अर्थतन्त्रको ज्ञान नभएका व्यक्तिहरूले अर्थतन्त्रको व्यवस्थापन गर्दा समस्या आएको बताए ।

जनताबाट निर्वाचित हुनु नै दक्षिता हो भन्ने धारणाले अर्थतन्त्रको विकासमा बल नदिने उनको भनाइ थियो । पुस्तकमा १२ वटा शीर्षकमा अर्थ राजनीतिक निबन्ध समेटिएका छन् ।





## वर्गीकृत विज्ञापन

**घर जग्गा**

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

बौद्ध मेनरोड बाट ६० मिटर भित्र ४ आनामा बनेको हाउजीङ्ग भित्रको नया आधुनिक घर बिक्रिमा, 9851027619

**सम्पर्क**

धितोफुकुवा, बैंकलोन चाहिएमा 9851065811, 9841007757

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

सस्तोमा बैकव्यालेन्स धितोफुकुवा धितामालोन 9851087749

**विविध बिक्रीमा**

बनस्थलिमा चलिरहेको VIP-रेष्टुरेण्ट बिक्रीमा (मात्र बाह्रलाख) 9851009475

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलटवाइलेट मंगल जामखोल्ने 9851024861

सेफ्टीट्याङ्कीसफाई ठूलोगाडीमा मेसिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- 9843768737

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४११६८११५

**भाडामा**

शान्त वातावरण, सफल अफिसको सान 9843743103

**चाहियो**

गोंगबु अफिसलाई कर्मचारी 21,500/- 9849365964, 9805864989

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००।- ९८२३००५३८४

१-१.५ वर्षको बच्चाको लागि घरमै बसेर सबै काम गर्नसक्ने महिलाको आवश्यकता ९७०६२२५२३५

गार्डहरू चाहीयो एरीया सीतापाईला, ९८०३०९०९६१

खानबस्नसहित सेल्सम्यान 15,500/- 9746507903, 9818225972

**मर्मत**

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल जामखोल्ने सेफ्टीट्यांकी तान्ने 9808849489

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

प्र.अ.क. वाह्रिक

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १३४.६२ |
| युरो | १४९.५० |
| पाउन्ड स्टर्लिङ | १७७.३४ |
| अस्ट्रेलियन डलर | ९०.६६ |
| कतारी रियाल | ३६.९३ |

राष्ट्र बैंकको आधारमा

सुन रू. १,५३,३००

चाँदी रू. १,७९५

# बिहारमा ४० मेगावाट बिजुली निर्यात सुरु

● १२५ मेगावाट बिजुली बिहारमा निर्यात गर्ने स्वीकृति पाएकामा ४० मेगावाट कटैया प्रसारण लाइनबाट बिक्री सुरु ● नेपालले प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा पाउने

**सीमा तामाङ** (काठमाडौं)

नेपालले पहिलो पटक भारतको बिहार राज्यलाई पनि बिजुली बेच्न सुरु गरेको छ। गत बिहीबारदेखि बिहारमा बिजुली निर्यात सुरु गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। बिहारमा ४० मेगावाट बिजुली निर्यात सुरु गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पुष्टि गरे। 'कटैया-कुशहवा प्रसारण लाइनबाट ४० मेगावाट निर्यात गर्न सुरु गरेका छौं,' उनले भने, 'बिहारमा १२५ मेगावाट बिजुली निर्यात गर्ने स्वीकृति पाइसकेका छौं। बिस्तारै परिमाण बढाउँदै लैजान्छौं।'



१४.४ मेगावाट क्षमताको मोदी, १४.४५३ मेगावाटको मायाखोला र ११.६४ मेगावाटको दूधकुण्ड आयोजनाको बिजुली निर्यात गर्न थालिएको प्राधिकरणले जनाएको छ। स्वीकृत अन्य आयोजनाको बिजुली पनि बिस्तारै निर्यात थालिने घिसिङको भनाइ छ। मध्यकालीन सम्झौताबमोजिम पीटीसी, भारतमार्फत बिहार राज्यमा बिजुली निर्यात गरिरहेको प्राधिकरणले बताएको छ। यही भदौ ३ मा भारतीय दूतावासले द्विपक्षीय सम्झौताबमोजिम नेपालले भारतका बिहार र हरियाणा राज्यलाई थप २५१ मेगावाट विद्युत् निर्यात स्वीकृति पाएको जनाएको थियो। भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले मध्यकालीन सम्झौताबमोजिम हरियाणा राज्यलाई थप १२५.८९ मेगावाट र बिहारलाई १२५ मेगावाट निर्यात गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो।

उल्लिखित तीन आयोजनासहित ११.६४ मेगावाटको दोर्दी- १, ९.९९१ मेगावाटको डाउन पिलुवा, १०.६७ मेगावाटका तल्लो खारे, ११.६४ मेगावाटको माथिल्लो खिम्ती, ६.८ मेगावाटको माथिल्लो खिम्ती-२, १४.६ मेगावाटको गण्डक, १९.२१ मेगावाटको माथिल्लो सोलु जलविद्युत् आयोजनाबाट उत्पादित १२५ मेगावाट विद्युत् बिहारमा निर्यात गर्ने स्वीकृति पाएको छ। बिहारसँग प्रसारण लाइन जोडिएका कटैया, रक्सौल र रामनगर बिन्दुमार्फत विद्युत् निर्यात गरिनेछ। अहिले कटैया प्रसारणलाइनबाट विद्युत् निर्यात गरिएको घिसिङले बताए।

प्राधिकरणले हरियाणा राज्यका वितरण कम्पनीलाई दुई जलविद्युत् आयोजनाबाट उत्पादित थप १२५.८९ मेगावाट विद्युत् बिक्री गरिरहेको छ। प्राधिकरणले हरियाणा राज्यलाई हाल १०९ मेगावाट विद्युत् बिक्री गरिरहेको छ। हरियाणासँग पहिलेदेखि बिजुली बिक्री गरिरहेकाले स्वीकृति पाएको भोलिदेखि नै बिक्री सुरु गरे पनि बिहारसँग केही समय लागेको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषको भनाइ छ। 'हरियाणालाई पहिलेदेखि नै बिजुली बेचिरहेका थियौं,' उनले भने, 'बिहारसँग पहिलो चोटि भएकाले बिजुली बिक्री गर्न प्राविधिक विषय टुंग्याउन केही समय लाग्यो। त्यसैले स्वीकृति पाए पनि बिजुली बिक्री गर्न केही ढिला भयो।'

प्राधिकरणले आन्तरिक खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् हरेक वर्ष जुनदेखि अक्टोबरसम्म बिहार र हरियाणालाई बिक्री गर्नेछ। योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीलाई बिक्री गरिने विद्युत्को परिमाण ३६० मेगावाट पुगेको छ। प्राधिकरणका अनुसार ९ सय ४१ मेगावाट बिजुली निर्यात स्वीकृति पाएकोमा थप १० प्रतिशत बढी बिक्री गर्न मिल्नेछ। अहिले प्रतिदिन करिब ८ सय मेगावाट बिजुली निर्यात भइरहेको प्राधिकरणको भनाइ छ। 'मध्यकालीन सम्झौताअनुसार हामीले तलमाथि गर्न सक्दैनौं। बिहारमा बल्ल ४० मेगावाट बिजुली पठाउन सुरु भएको छ, अरु बिस्तारै जानेछ,' घोषले भने, 'प्रतिस्पर्धी बजारमा पनि आन्तरिक खपत गरी अतिरिक्त बिजुली बेचिरहेका छौं।'

आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्री दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा (५.४५ भारु) छ। गत वर्ष हरियाणालाई बिक्रीका लागि स्वीकृति दिएको १०९ मेगावाटको प्रतियुनिट दर ८ रुपैयाँ ४० पैसा (५.२५ भारु) छ। यसमा भारततर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा शुल्क प्राधिकरणले बेहोर्नुपर्ने छैन।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। भारतको इनर्जी एक्सचेन्ज (आईएक्स) को रियल टाइम मार्केट, डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री गरिरहेको छ। प्रतिस्पर्धी बजार र मध्यकालीन सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित ९४१ मेगावाट विद्युत् बिक्री हुनेछ।

चालु आर्थिक वर्ष ०८१/८२ को पहिलो महिना साउनमा मात्रै ४ अर्ब १९ करोड रुपैयाँको बिजुली भारततर्फ निर्यात भएको छ। प्राधिकरणले साउनमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको बिजुली भारततर्फ निर्यात गरी ४ अर्ब १९ करोड ३९ लाख २४ हजार रुपैयाँ आम्दानी गरेको छ। साउनमा दैनिक १३ करोड ११ लाख रुपैयाँको बिजुली निर्यात गरिएको हो। साउनमा निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ८ रुपैयाँ ५१ पैसा रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले सुक्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहहरूबाट विद्युत् उत्पादन घट्ने हुँदा गत आर्थिक वर्षमा भारतबाट १ अर्ब ८९ करोड युनिट अर्थात् १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत् आयात गरेको थियो। तर यही अवधिमा १ अर्ब ९५ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरी १७ अर्ब ६ करोड रुपैयाँ आम्दानी गरेको थियो। गत आर्थिक वर्षमा आयातभन्दा १३ करोड रुपैयाँको बढीको विद्युत् निर्यात भएको थियो।

# फोहोरशून्य अभियानमा बागलुङ नगर

**प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले तीन तहका फोहोर संकलन गरेर 'जिरो वेस्ट' अर्थात् सबै फोहोरको उचित सदुपयोग गर्ने अभियान थालेको छ। डेढ दशकदेखि बागलुङ नगरपालिकाले कालीगण्डकी र काठेखोला छेउको खुतुर्केमा फोहोर फाल्दै आएको थियो। यो अभियान चलाउने भएपछि नगरपालिकाले यसअघिको सबै फोहोर माटोमा पुरेर डम्पिङ साइट खाली बनाएको छ। उक्त स्थानमा तीन खण्ड बनाएर कुहिने, नकुहिने, सिसाजन्य लगायतका खतरा फोहोरको व्यवस्थापन गर्न लागेको हो।

नगरपालिकाले चालु वर्ष १ करोड रुपैयाँ खर्चेर उक्त परियोजना सञ्चालनमा ल्याएको नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताए। उक्त रकमबाट हाल फोहोर व्यवस्थापनका लागि संरचना निर्माण र व्यवस्थापन गरिनेछ। त्यसपछि कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउने, नकुहिने फोहोर संकलन गरेर बिक्री गर्ने व्यवस्थापन मिलाइएको हो। अस्पतालजन्य फोहोर र सिसासमेतलाई शून्य बनाउने कोरियाली प्रविधिको मेसिन भित्र्याउने लक्ष्यसमेत रहेको नगरप्रमुख श्रेष्ठको भनाइ छ।



तस्बिर : प्रकाश/कान्तिपुर

**बागलुङ नगरपालिका–१ खुतुर्केमा फालिएको फोहोर व्यवस्थापन गरेर नयाँ प्रविधि जडानको तयारीबारे जानकारी दिँदै नगरप्रमुख वसन्तकुमार श्रेष्ठ।**

'अब हरेक घरमा ३ वटा बाल्टी दिइनेछ, कुहिने, नकुहिने र सिसाजन्य वस्तु त्यसमा संकलन हुनेछ,' श्रेष्ठले भने, 'हरेक दिन तीनथरी फोहोरलाई छुट्टाछुट्टै गाडीले संकलन गरेर व्यवस्थापन पनि गरिनेछ।' त्यसका लागि नगरपालिकाले वितरण गर्ने रातो, नीलो र हरियो बाल्टी जस्तै फोहोर संकलन गर्ने गाडी पनि तीन रङको बनाइँदै छ। सडक छेवैको डम्पिङले दुर्गन्ध फैलिँदा स्थानीयले सास्ती खेपेका थिए। अब भने दैनिक फोहोरको व्यवस्थापन भएपछि डम्पिङ साइटमा दुर्गन्धरहित हुनेछ। पानीबाट बचाएमा दुर्गन्ध कम हुने भएकाले नगरपालिकाले तीन वटै फोहोर संकलन गर्ने स्थानमा पनि भुइँ ढलान गरेर जस्तापाताले छाउने तयारी छ।

०५४ सालदेखि बागलुङ नगरपालिकाले एक दशकसम्म कालीगण्डकी किनारमा फोहोर फालेको थियो। वडा नम्बर १ को खुतुर्केमा फाल्दै आएको फोहोरको डंगुर पनि खाली गराइएको छ।

कोरियाको वातावरण विभाग अन्तर्गतको 'एएलके ईसीओ' कम्पनीसँग पनि नगरपालिकाले प्रारम्भिक सम्झौता गरिसकेको छ। कम्पनीका प्रमुख खो यु सेप, सीईओ जङ डेटोङ तथा बागलुङ नगरपालिकाका प्रमुख श्रेष्ठले सम्झौता गरेर फोहोर जलाउने मेसिन ल्याउने तयारी भइसकेको छ। उक्त मेसिनमा फोहोर जलाउँदा मासिक २० देखि ३० युनिट बिजुली मात्रै खर्च हुने र धूवाँरहित हुने बताइएको छ।

उक्त कम्पनीले फोहोर व्यवस्थापन गर्ने मेसिन नगरपालिकालाई बिक्री गर्दा ३ वर्ष निःशुल्क सर्भिस दिने र प्राविधिक कोरिया पठाएर मेसिन चलाउने तालिमसमेत दिनेछ। केही समय कोरियाका प्राविधिकले फिल्डमै आएर मेसिन चलाउने तालिमसमेत दिनेछन्। दैनिक १ टन प्लास्टिकजन्य वस्तु जलाउने मेसिन ६० लाख र मासिक ३ टनसम्मको फोहोर जलाउने मेसिनका लागि १ करोड १७ लाखसम्म लाग्ने कम्पनीका प्रतिनिधिले बताएका छन्। त्यसपछि कुनै दुर्गन्ध नआउने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जनाए।


GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 8.99% p.a. *T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

Affiliated To
पोखरा विश्वविद्यालय POKHARA UNIVERSITY
Technology Partner
My Second Teacher भविष्य, नेपालको
Happeningness Partner
ing SKILL ACADEMY
APEX COLLEGE Affiliated to Pokhara University
Building Human Capital.
ing
The only Nepali University affiliated college
with 50+ Companies owned by ING and KMG providing placements, internships with an international experience and exposure.
ing KMG KANTIPUR MEDIA GROUP
Secure your future
and experience Pokhara University Degree with a difference.
BCSIT Bachelor of Computer System and Information Technology
BBA Bachelor of Business Administration
BBA-TT Bachelor of Business Administration (Travel & Tourism)
BBA Finance Bachelor of Business Administration (Finance)
MBA Master of Business Administration
MBA Evening Master of Business Administration (Evening Shift)
Scan for More Information
23 years of Excellence
Devkota Sadak, Mid-Baneshwor, Kathmandu
+977 9851079266, 9801299922 | apex@apexcollege.edu.np
apexcollegeofficial
APEXING NEPAL'S EDUCATION

# ईपीजी प्रतिवेदन बुझ्न भारतलाई ओलीको आग्रह

## दुई देशको प्रबुद्ध समूहले २ वर्ष लगाएर तयार पारेको प्रतिवेदन ६ वर्ष बितिसक्दा पनि भारतले बुझ्न मानेको छैन

**गंगा बीसी** (काठमाडौं)



नेपाल र भारत सरकारको सहमतिमा गठित प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) को प्रतिवेदन भारतले बुझ्ने प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार ईपीजीका सदस्य एवं पूर्वप्रशासक सूर्यनाथ उपाध्यायको 'अन्तर्राष्ट्रिय जलप्रवाह कानुन : नेपाल-भारत सहकार्यको दृष्टिकोण' पुस्तकको विमोचन गर्दै उनले ईपीजी प्रतिवेदन बुझ्ने प्रक्रिया अघि बढ्नेमा आफू आशावादी रहेको बताएका हुन् ।

सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि पुनरावलोकन, नेपालको जलस्रोतसम्बन्धी, पारवहन सुविधा, सीमा समस्या, दुईपक्षीय व्यापार विस्तारलगायत अध्ययन गर्न ईपीजी गठन गरिएको थियो । ओली पहिलो पटक प्रधानमन्त्री भएका बेला २०७२ मा ईपीजी गठन भएको थियो । अहिले पुन: प्रधानमन्त्री भएको मौकामा उनले ईपीजी प्रतिवेदन बुझ्न भारतलाई दोस्रो पटक सम्झाएका हुन् । यसअघि भदौ १० मा पूर्वपरराष्ट्रमन्त्री कमल थापाको 'नाकाबन्दी र भूराजनीति' पुस्तक सार्वजनिकीकरण गर्दा पनि ओलीले ईपीजी प्रतिवेदन बुझ्न भारतलाई आग्रह गरेका थिए ।

दुई देशको प्रबुद्ध समूहले तयार पारेको प्रतिवेदन ६ वर्ष बितिसक्दा पनि भारतले बुझ्न मानेको छैन । नेपाल-भारतबीच केही समस्या भएकाले तिनको समाधानका लागि दुवै देशका प्रधानमन्त्रीबीचको सहमतिमा ईपीजी गठन गरिएको र समूहले तयार गरेको प्रतिवेदन बुझेपछि समस्या समाधान गर्न सहज हुने ओलीले बताए । 'ईपीजीको प्रतिवेदन बुझ्ने-बुझाउने मौका अहिलेसम्म मिलेको छैन । नेपाली पक्षले प्रतिवेदन बुझ्न नभ्याउने कुरै भएन । भारतीय पक्षको पनि प्रतिवेदन बुझ्न अब समय मिल्ला भन्ने लाग्या छ,' उनले भने, 'प्रतिवेदन बुझेपछि दुवै मुलुकका बीचमा थाती रहेका विषयमा छलफल गर्न सहज हुनेछ ।'

ओलीले भारतसँग खुला र खुलस्त रूपमा कुरा गर्नुपर्ने बताए । 'खुला कुरा राख्न नसकेर भूराजनीतिको टाउकामा दोष थोपर्न मिल्दैन । सत्ता प्राप्त गर्न र टिकाउन जे पनि गर्ने र मुख बन्द गर्ने वा टाउको हल्लाउने काम हामीले गर्नु हुँदैन,' उनले भने । भूराजनीति शब्दलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न नहुने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले दुई देशबीच भएका सन्धि सम्झौताअनुसार देशको हितका लागि छलफल गर्नुपर्ने बताए ।

'पहिला पहिलाका वैदेशिक सम्बन्धहरू बल हुनेले जसरी मिच्न सक्छ, त्यसैका आधारमा हुन्थ्यो । दोस्रो विश्वयुद्धपछि अनेक अन्तर्राष्ट्रिय सन्धि सम्झौता भए, त्यसैअनुसार रहेर कुनै पनि देशले आफ्ना राष्ट्रिय हितलाई तर्कपूर्ण र न्यायोचित रूपमा प्रस्तुत गर्नुपर्ने भयो,' उनको भनाइ थियो, 'साझा स्रोतमा काम गर्दा एकपक्षीय रूपमा काम गर्नु हुँदैन । दुवै पक्षको सहमति र छलफलका आधरमा गरिनुपर्छ ।'

नेपाल र भारतबीच शीर्ष तहको सहमतिबाट दुई देशबीच देखिएका सीमा विवादलगायत विषयमा थप संवाद गरी समाधान गर्न सकिने उनको भनाइ थियो । 'ईपीजीको प्रतिवेदन बुझ्न भारतीय पक्षलाई आग्रह गर्दै सीमा विवादलगायत विषयमा थप संवाद गरी समाधान गर्न सकिनेछ,' उनले भने., 'छिमेकी मुलुकका बीचमा यदाकदा समस्या देखिनु सामान्य भएकाले ती विषयमा खुलस्त रूपमा संवाद गरेर समाधान गर्न सकिन्छ ।'

भारतका लागि पूर्वराजदूत एवं ईपीजीका सदस्य नीलाम्बर आचार्यले त्यतिबेला भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्रीलगायत उच्च अधिकारीले समय मिलाएर प्रतिवेदन बुझ्ने बताए पनि ढिलाइ भएकाले सम्बन्ध बलियो हुन नसकेको जिकिर गरे । 'म राजदूत भएर भारतमा बस्दा प्रधानमन्त्री, विदेशमन्त्रीसँग प्रतिवेदन बुझ्ने सम्बन्धमा कुरा गरेको हुँ । उहाँहरूले बुझ्दैनौं भन्नुभएको छैन । हामी प्रक्रिया पुर्‍याएर प्रतिवेदन बुझ्ने बताउनुभएको थियो,' उनले भने, 'तर ६ वर्ष भइसक्यो, प्रतिवेदन बुझेर त्यसका आधारमा छलफल हुन सकेको छैन ।'

दुई देशका प्रधानमन्त्रीको सहमतिमा प्रतिवेदन तयार भएको उल्लेख गर्दै उनले त्यसका आधारमा सन् १९५० को सन्धि पुनरावलोकन र अन्य दुवै देशको हितमा काम गर्न सकिने बताए । 'दुई देशबीचमा रहेका मुद्दा थाती राखे झन् बल्झिँदै जानेछन्,' उनले भने । प्रधानमन्त्री ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच हुने भेटवार्तामा यो विषयले मूर्त रूप लिने उनले विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री ओलीका पूर्वपरराष्ट्र सल्लाहकार, प्रबुद्ध समूहका सदस्य राजन भट्टराईले भारतले प्रतिवेदन बुझ्न नचाहनु आश्चर्यजनक भएको बताए । 'प्रतिवेदन छिट्टै बुझेर सहमतिमा तयार भएको सुझावका आधारमा समाधान निकाल्नु नै दुई देशको हितमा हुन्छ । प्रतिवेदनका आधारमा दुई देश एक कदम अघि बढेर सम्बन्ध सुधार गर्ने अवसर छ,' उनले भने ।

उनका अनुसार प्रतिवेदनले सन् १९५० को सन्धि पुनरावलोकन, नेपालको जलस्रोत, पारवहन सुविधा, सीमा समस्या, दुईपक्षीय व्यापार लगायतका विषय समेटेको छ । २०७२ माघमा गठन भई ईपीपीले चैतदेखि काम सुरु गरेको थियो । ईपीजीले २०७५ असार १५ र १६ मा काठमाडौंमा नवौं बैठक गरी साझा प्रतिवेदनलाई अन्तिम रूप दिएको थियो । २०६८ कात्तिकमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको भारत भ्रमणका क्रममा प्रबुद्ध समूह गठन गर्ने सहमति भएको थियो । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई र भारतका प्रधानमन्त्री मनमोहन सिंहद्वारा जारी संयुक्त विज्ञप्तिको बुँदा १८ र १९ मा सन् १९५० सन्धि आदि विषयमा छलफल गर्न प्रबुद्ध व्यक्तिहरूको समूह गठन गर्ने सैद्धान्तिक सहमति भएको थियो ।

# चक्रपथको पहिलो...

काठमाडौंबाट प्रतिनिधित्व गर्ने १० सांसदले चक्रपथ विस्तारबारे गत असारमा संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका थिए । विस्तार अलपत्र परेकाले प्रस्ताव दर्ता गराउनुपरेको उनीहरूको भनाइ थियो ।

तत्कालीन उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ, नेपालका लागि चिनियाँ राजदूत छन सोङलगायतको संयुक्त टोलीले गत ०७९ फागुन ११ मा सडक विस्तार गर्ने खण्डको स्थलगत निरीक्षण गरेपछि पनि डिजाइनको काम अघि बढाइने सुनाइएको थियो । तर त्यसयता केही काम अघि बढ्न सकेको छैन । चीनबाट काममा विलम्ब भइरह्यो ।

कोटेश्वर-कलंकी खण्ड विस्तारको काम सकिएपछि दोस्रो खण्डका रूपमा यसको काम गर्ने चीनसँग समझदारी भए पनि कार्यान्वयनमा जाने गरी काम नभएको पूर्वसचिव अर्जुनजंग थापाले बताए । 'यसको निर्माणमा केही ढिलाइ भएकै हो,' सडक विभागको महानिर्देशकसमेत रहिसकेको थापाले भने, 'अब कार्यान्वयनमा जाने गरी समझदारी भएकाले धेरै ढिला नहोला ।' चीनले बनाएको सडक राम्रो हुने भएकाले यत्रो समय पर्खिएको उनले बताए । 'चीनले बनाएजस्तो स्ट्यान्डर्ड कायम गरेर हामीले बनाउन सक्दैनौं,' उनले भने, 'यसमा चीन सरकारले करिब ६ अर्ब रुपैयाँसम्म लगानी गर्ने देखिन्छ ।'

दोस्रो खण्ड विस्तारमा सहयोग गर्ने सम्बन्धी पत्रमा नेपाल सरकारका तर्फबाट अर्थसचिव रामप्रसाद घिमिरे र चीनका तर्फबाट चीन अन्तर्राष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेइहुनले हस्ताक्षर गरेका छन् । कलंकीदेखि वसुन्धरा कल्भर्टसम्मको ८.२ किलोमिटर सडक चीन सरकारको अनुदान सहयोगमा विस्तार गर्ने सम्झौता भएको हो ।

यसअघि दुई महिनाभित्र विस्तृत परियोजना रिपोर्ट (डीपीआर) तयार पार्ने भन्दै ०७९ फागुनमा चीनको हेनान कम्युनिकेसन्स प्लानिङ एन्ड डिजाइन इन्स्टिच्युट कम्पनीको प्राविधिक टोली नेपाल आएको थियो । टोलीले अध्ययन गरेर गए पनि रिपोर्ट दिइएन । एमओयू भएकाले अब डीपीआरको काम अघि बढ्ने सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखा प्रमुख विजय जैसीले बताए ।

'डीपीआर बनाउन ६ महिना लाग्छ, यसका आधारमा ठेक्का हुन्छ,' जैसीले भने, 'अब ढिला हुन्न, बिहीबार नेपालका लागि चिनियाँ राजदूत छन सोङले १० महिनाभित्र निर्माण सुरु हुने बताइसकेका छन् ।' वसुन्धराबाट कोटेश्वरसम्म विस्तारको काम भने नेपाल सरकार आफैंले गर्ने उनको भनाइ छ । 'चीनले पहिला धेरै ढिला गर्‍यो, कोभिड सकिएपछि पनि उसलाई धेरै पर्खनुपर्‍यो,' उनले भने, 'त्यसैले अब वसुन्धरा-कोटेश्वर खण्डको काम नेपाल सरकार आफैंले गर्छ । त्यसका लागि चालु आर्थिक वर्षमा प्रारम्भिक अध्ययन, विस्तारका क्रममा घर कति पर्छन्, सबै बुझ्ने काम हुन्छ ।'

यता कलंकीदेखि वसुन्धरासम्म जथाभावी भत्काइएको सडकले ट्राफिक जाम बढेको छ । सवारीसाधन गुड्ने मुख्य सडक साँघुरिएको छ । चीनकै सहुलियत ऋणमा चक्रपथ पहिलो खण्ड (कोटेश्वर-कलंकी सडक) ८ लेनमा विस्तार गरिएको हो । यसको दूरी १०.३९ किमि छ । पहिलो खण्डको काम पनि निर्माण थालेको ६ वर्षमा पूरा भएको थियो ।

कलंकीदेखि-धोबीखोला (गोपीकृष्ण हलनजिकको पुल) सम्मको दूरी ११.६ किमि छ । नेपाल सरकारले यो खण्ड दोस्रो चरणमै निर्माण गर्न प्रस्ताव गरेको थियो । चीनले भने कलंकीदेखि बसुन्धरासम्म दोस्रो र बसुन्धरादेखि चाबहिल धोबीखोलाको पुलसम्म तेस्रो चरणमा काम गर्ने बताउँदै आएको थियो । अब बसुन्धरादेखि कोटेश्वरसम्मको खण्ड नेपाल सरकार आफैंले बनाउन लागेको हो । कलंकीदेखि सीतापाइलासम्म अहिले चार लेन र सीतापाइलादेखि चक्रपथ खण्डमा २ लेन सडक छ । अब ८ लेनमा विस्तार गर्न लागिएको हो । सर्भिस लेन भने नेपाल सरकार आफैंले बनाउनेछ ।

# सुदूरपश्चिमलाई बेवास्ता...

कलेजसँग सम्बन्धित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक संसद्मा विचाराधीन हुँदा पनि सरकारी तबरबाट मेडिकल शिक्षा अध्यापन सुरु हुन नसकेको हो ।

गेटामा कम्तीमा ६ सय शय्यासम्म सञ्चालन गर्न सकिने संरचना दुई वर्षअघि नै निर्माण भएको थियो । अस्पतालले ३ सय शय्यासम्मको अनुमति मागे पनि सरकारले भने ५० शय्याको अस्पतालमात्रै सञ्चालनको स्वीकृति दिएको छ । संघीय सरकारले ०८० असारमा 'न्यूनतम सुविधा' सहितको एक सय शय्याको अस्पताल सञ्चालन गर्ने नीतिगत निर्णय गरे पनि स्वास्थ्य मन्त्रालयले ५० शय्याको अस्थायी स्वीकृति दिएको हो । चिकित्सा शिक्षा अध्यापनका लागि कम्तीमा ३ सय शय्याको अस्पताल सञ्चालनमा रहेको हुनुपर्ने व्यवस्था छ । अस्पतालका तत्कालीन निर्देशन डा. प्रमोद जोशीले ०८० कात्तिक १ देखि ओपीडी सेवा सुरु गरेका थिए । ओपीडी सेवा प्रभावकारी ढंगले सञ्चालन हुन नसकेको अवस्थामा अस्पताल प्रमुख डा. विप्लव सापकोटाले गत साउन ३२ देखि अन्तरंग (इन्डोर) सेवा पनि सुरु गरेका छन् । इन्डोर सेवा थालेको तीन साता बितिसक्दा एक जना बिरामी पनि गेटा अस्पताल पुगेको अभिलेख छैन । अस्पतालका सूचना अधिकारी नैनसिंह कार्कीले ओपीडीमा दैनिक ४० जनासम्म बिरामी हुने गरेको बताए । अस्पतालमा एक सय ४१ जनाको अस्थायी दरबन्दी छ । सूचना अधिकारी कार्कीका अनुसार हाल १० जना विशेषज्ञ चिकित्सक छन् । तीन जना हाडजोर्नीका चिकित्सक र दुई रेडियोलोजिस्ट छन् । यस्तै स्त्रीरोग विशेषज्ञ, फिजिसियन, जनरल सर्जन, एमडीजीपी र एनेस्थेसियन एक/एक जना छन् । थप ५ जना मेडिकल अधिकृत छन् । बिरामी नआएपछि उनीहरू अधिकांश दुई घण्टाजति अस्पतालमा हाजिर लगाएर धनगढी फर्किने गरेका छन् ।

अस्पतालमा आकस्मिक सेवा, फार्मेसी, प्रयोगशाला, अप्रेसन थियटर, आईसीयू स्थापना हुन सकेको छैन । 'आधारभूत सेवा सञ्चालन नभएसम्म इन्डोर सञ्चालन हुन सक्ने कुरै भएन,' एक कर्मचारीले भने । अस्पतालले तीन सय शय्याको स्वीकृति र दरबन्दी माग गरी मन्त्रालयमा पठाइएको जनाएको छ ।

अस्पताल प्रमुख डा. सापकोटा आफू जिम्मेवारीमा आएदेखि नै अस्पतालका लागि आवश्यक कार्य गर्न लागिपरेको दाबी गर्छन् । 'बाहिरबाट हेर्दा विशाल र भव्य भवनभित्र अहिलेको सुरुआती अवस्था देख्दा मनमा प्रश्न उठ्नु स्वाभाविकै हो । तर अस्पतालका लागि आन्तरिक पूर्वाधार व्यवस्थापन जहाँसुकै शून्यबाट सुरु गर्नुपर्छ,' उनले भने, 'उपकरण स्थापना गरेर सञ्चालनमा आउनेबित्तिकै सेवा प्रभावकारी बनाउन सकिनेछ । धेरैजसो मेडिकल पूर्वाधार स्थापना हुने चरण पुर्‍याएका छौं ।'

सरकारले गेटालाई विगतमा मेडिकल कलेज वा प्रतिष्ठान बनाउने भन्दै आएको थियो । ०७९ माघ २९ मा मन्त्रिपरिषद्को बैठकबाट सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ । राष्ट्रिय सभा सदस्य गरिमा शाहले गेटाको विधेयक राष्ट्रिय सभाबाट ०८० माघ २९ मा सर्वसम्मत रूपमा पारित गरिसकेको बताइन् । 'हाल प्रतिनिधिसभामा रहेको उक्त विधेयक चाँडो पारित भएर कार्यान्वयन प्रक्रियामा जाओस् भन्ने सुदूरपश्चिमको साझा धारणा हो,' उनले भनिन् । प्रतिनिधिसभा सदस्य भानुभक्त जोशीले उक्त विधेयक प्रतिनिधिसभाको शिक्षा समितिमा छलफलको चरणमा रहेको बताए । 'कहिले पारित हुन्छ, भन्न सकिन्न,' उनले भने, 'सकभर यसै अधिवेशनमा पारित होस् भन्ने चाहन्छौं ।'

# सरकारी मेडिकल...

पहिलो चरणमा यी शिक्षण संस्थामा एमबीबीएसतर्फ ५०/५० सिट निर्धारण गरिएको आयोगले जनाएको छ ।

आयोगको निर्णयसँगै लुम्बिनी प्रदेशको दाङ, मधेशको जनकपुर र कोशीको झापामा पहिलो पटक मेडिकल शिक्षाको पढाइ हुने भएको छ । पोखरामा यसअघि नै निजी मेडिकल कलेजले अध्यापन गराउँदै आएका थिए । तीन प्रतिष्ठान थपिएपछि सरकारी तबरबाट चिकित्सा शिक्षा अध्यापन गराउँदै आएका शिक्षण संस्थाको संख्या ७ पुगेको छ । सरकारी तबरबाट वाग्मती, कर्णाली र कोशी प्रदेशमा मात्रै मेडिकल शिक्षा पठनपाठन हुँदै आएकोमा अब गण्डकी, लुम्बिनी र मधेश प्रदेश पनि थपिएका हुन् ।

सुदूरपश्चिम प्रदेशमा मेडिकल शिक्षा अध्यापन गराउने उद्देश्यले गेटा मेडिकल कलेजसँग सम्बन्धित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक संसद्मा विचाराधीन छ । पूर्वाधार निर्माण गरेर अस्पताल सञ्चालन भए पनि विधेयक पारित भएपछि मात्र सुदूरपश्चिममा सरकारी तबरबाट मेडिकल शिक्षा पढाउने लक्ष्य पूरा हुनेछ ।

चिकित्सा शिक्षा ऐनमा २०८० भित्र प्रत्येक प्रदेशमा कम्तीमा एउटा सार्वजनिक मेडिकल कलेज वा प्रतिष्ठान स्थापना गर्ने व्यवस्था गरिएको थियो । यसअघि त्रिभुवन विश्वविद्यालय चिकित्सा शिक्षा अध्ययन संस्थान काठमाडौं, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा मात्रै सरकारी तबरबाट चिकित्सा शिक्षा पढाइ हुँदै आएको थियो । नेपाली सेनाले पनि आंशिक रूपमा सार्वजनिक अवधारणामा काठमाडौंमा मेडिकल कलेज सञ्चालन गरेको छ ।

चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीले समेत प्रदेशमा सरकारी मेडिकल कलेज स्थापना र सञ्चालन गर्न सरकारसँग माग राख्दै आएका थिए । सरकारी मेडिकल सञ्चालन गर्दा मेडिकल शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच विस्तार हुने उनको भनाइ छ ।

चिकित्सा शिक्षा अध्ययन संस्थानका पूर्वडिन डा. जगदीश अग्रवालले काठमाडौं बाहिर ढिलै भए पनि सरकारी मेडिकल कलेज स्थापना हुनु सकारात्मक पक्ष भएको औंल्याए । 'विद्यार्थीको पढ्ने अवसर वृद्धि भयो । तत्कालै थप डेढ सय विद्यार्थीले एमबीबीएसमा भर्ना हुने भए,' उनले भने, 'सरकारी मेडिकल कलेज भएकाले छात्रवृत्ति कोटामा पढ्न पाउने विद्यार्थीको संख्या पनि बढ्ने भयो ।'

उनले ती प्रतिष्ठानमा स्नातक तहभन्दा माथिका कार्यक्रम पनि सञ्चालन हुन सके स्वास्थ्य सेवाको क्षेत्रमा पनि सुधार आउने जनाए । '२०८० सम्म प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज खोल्ने कुरा नारा जस्तै भएको छ । सरकारले चाह्यो भने सञ्चालन हुन सक्ने रहेछ,' अग्रवालले भने, 'गेटा पहिलो प्राथमिकतामा आउनुपर्थ्यो, अझै सरकारको प्राथमिकतामा परेको देखिँदैन ।'

एकीकृत प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थी नयाँ सिट निर्धारण भएका शिक्षण संस्थामा पनि मेरिटका आधारमा म्याचिङबाट भर्नामा जाने आयोगका उपाध्यक्ष झाले जनाए । आगामी शैक्षिक सत्रका लागि आयोगले राप्ती र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सर्तसहित सिट निर्धारण गरेको हो ।

यी प्रतिष्ठानले कार्यक्रम सञ्चालनका लागि अर्थ मन्त्रालयबाट सैद्धान्तिक स्वीकृत प्राप्त गरेमात्रै सिट तोकिएर विद्यार्थी भर्नामा पठाउने आयोगले जनाएको छ । यी कलेजले अर्थबाट स्वीकृत पाइसकेको शिक्षा मन्त्रालयले जनाएको छ । सरकारी तबरबाट सञ्चालित मेडिकल कलेजमा भर्ना हुनेमध्ये ७५ प्रतिशत विद्यार्थीलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । निजी मेडिकल कलेजले भने १० प्रतिशतलाई नि:शुल्क छात्रवृत्तिमा अध्यापन गराउनुपर्छ ।

आशयपत्र प्राप्त गरिसकेको बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन सर्वोच्च अदालतले आदेश दिएको थियो । अदालतको आदेशपछि आयोगले काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा चिकित्सा शिक्षा अध्यापन गराउन अनुमति दिएको हो । केही मेडिकल कलेजमा आयोगले सिट संख्यासमेत थप गरेको छ । नयाँ शिक्षण संस्था र पुराना शिक्षण संस्थामा समेत सिट थपिँदा नेपालमै पढ्न पाउने विद्यार्थीको कोटासमेत वृद्धि हुने भएको छ । चिकित्सा शिक्षाका विभिन्न विषय र विधामा अघिल्लो वर्ष ७ हजार ५ सय ४ सिट तोकिएको छ भने आगामी शैक्षिक वर्षमा ८ हजार ७० जना विद्यार्थी भर्ना हुन पाउनेछन् । एमबीबीएसमा १ हजार ९ सय २५ सिट कायम रहेकोमा सिट संख्या वृद्धि भई २ हजार १ सय ४० पुगेको छ । एमबीबीएस पढाउने शिक्षण संस्थाको संख्या देशभर २५ भएको छ ।

बीडीएसको सिट संख्या ५ सय ४५ बाट वृद्धि भएर ५ सय ७५ कायम गरिएको छ । त्यस्तै बीएस्सी नर्सिङमा हाल १ हजार ७ सय २० सिट तोकिएको छ भने आगामी शैक्षिक सत्रका लागि १ हजार ९ सय ९० सिट कायम गरिएको छ । बीफार्मेसीको सिट ७ सय ५ बाट बढेर ७ सय ५५ तोकिएको छ । बीएमएस र बीएनएसको सिट संख्या भने घटेको छ । शिक्षण संस्थाको मागसहित आयोगले भौतिक, शैक्षिक पूर्वाधारको अनुगमन गरी हरेक वर्ष सिट निर्धारण गर्ने व्यवस्था ऐनमा छ । मेडिकल शिक्षाको नियमनसहित शुल्कसमेत आयोगले निर्धारण गर्दै आएको छ ।


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Alternative Energy Promotion Centre (AEPC)**
**Tahachal Kathmandu**
**Tel: +977-1-4598013/5498014**
**Email: info@aepc.gov.np Website: www.aepc.gov.np**

## Invitation for Electronic Bids

For the **Construction of 50 kWp Jhula Solar Mini Grid Project Namkha RM Ward-3, Humla**
Contract Identification Number: **AEPC/SWES/NCB/W/2081/82-01**
Date of Notice Publication: **8 September 2024**

1. Alternative Energy Promotion Centre (AEPC) invites **Electronic Bids** from eligible bidders for the **Procurement of Works "Construction of 50 kWp Jhula Solar Mini Grid Project Namkha RM Ward-3, Humla under National Competitive Bidding (NCB)-Single Stage Two Envelope** Bidding procedures as specified in prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. Bidding is open to all eligible bidders as per Section V of bidding document. Only eligible bidders with the following Key Qualifications should participate in this bidding:
   i. Minimum Average Annual Turnover of the best 3 years within the last 10 years: **NRs. 50 Million**
   ii. Minimum Size of Work Experience in Similar Nature (Solar Mini Grid): One (1) Contract of Solar Minigrid or Solar ISPS, with a value of at least **NRs 17.2 Million**
2. Under the **Single Stage, Two Envelope Procedure,** Bidders are required to submit **(i) the Technical Bid** and the other **(ii) the Price Bid**, as per the provision of ITB 21 of the Bidding Document.
3. Interested Bidders may obtain further information and inspect the Bidding Documents in English at the office of **AEPC** or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**
4. Complete set of Bidding Documents for the task in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of Bidding Document (non-refundable fee) **NRs. 5,000.00** in the Rajaswa (Revenue) Bank Account as specified below and submit/upload the receipt of the deposited amount of cash along with the Electronic Bid:
   Name of the Bank : **Rastriya Banijya Bank, Baneshwar Branch**
   Name of Office : **Alternative Energy Promotion Centre**
   Office Code No. : **308003502, Rajaswa (Revenue) Shirshak No.: 14229**
   Bank Account No. : **1000100200010000**
5. **Pre-Bid Meeting** shall be held at **AEPC, Tahachal, Kathmandu** at **11:30 A.M. on 24 September 2024.**
6. Interested Eligible and Qualified Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO **www.bolpatra.gov.np/egp** on or before **12:00 Noon on 8 October 2024.**
7. Submitted eBids will be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 8 October 2024** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
8. Bids must be valid for a period of 90 days counting from the date of Technical Bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to **minimum NRs. 1,100,000.00,** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e., Valid up to minimum **4 February 2025).**
9. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Code: **3080002** and Account Name: **DTCO, Kathmandu**, Bank Account No.: **1201200001002524** at Nepal Rastra Bank, Thapathali and submit/upload the receipt of the deposited amount of cash along with the eBid.
10. Other details are provided in the uploaded Bidding Documents available in the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिराहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०५/२३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| **ऋणीको विवरण** | |
|---|---|
| अजबि यादवको नाति, जगवीर यादवको छोरा, सिराहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. १ हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **बलराम यादव** (ना.प्र.नं. ११७३/३५४६/२९७२, जारी मिति २०४२/०२/०९, जि.प्र.का. सिराहा) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. जगवीर यादवको बुहारी, बलराम यादवको पत्नी, सिराहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. १ हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **शिला यादव** (ना.प्र.नं. ३०२३२, जारी मिति २०५८/१०/१७, जि.प्र.का. सिराहा) । | २. जगवीर यादवको नाति, बलराम यादवको छोरा, सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **अभिषेक यादव** (ना.प्र.नं. १५-०१-७२-०५९४३, जारी मिति २०७२/११/२०, जि.प्र.का. सिराहा) । |
| **धितोको विवरण** | |
| शिला यादव (ना.प्र.नं. ३०२३२, जारी मिति २०५८/१०/१७, जि.प्र.का. सिराहा) को नाममा मालपोत कार्यालय लाहानमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. ८३२ को क्षेत्रफल ०-१-१९-० (बिगाहा) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank
शाखा कार्यालय : लहान, सिराहा
फोन नं. ०३३-५६०९६९
Website : www.siddharthabank.com



**गोल खुसी**
आर्मीविरुद्ध गोल गरेपछि एपीएफका खेलाडी ।

। महिला लिग फुटबल

# एपीएफसामु सजिलो बाटो

**'महिला फुटबलमा टिमहरूबीच पहिले जस्तो अन्तर रहेन, फेरि विदेशी खेलाडीको संलग्नताले समीकरण तलमाथि हुनेछ'**

**एपीएफ २-१ आर्मी**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

एपीएफ क्लबले एन्फा महिला लिग फुटबलमा कम्तीमा पहिलो चरणको समाप्तिसँगै अब सजिलो बाटो तय गर्नेछ । टोलीले यसक्रममा धेरैखाले प्रयास गर्न सक्नेछ ।

सुरुआती १० टिमबीचको खेलमा एपीएफले सुरुमै पुलिसको सामना गरिसकेको छ अनि आर्मीको पनि । पुलिससँग बराबरीमै चित्त बुझाएको एपीएफ शनिबार आर्मीसँगको खेलमा भने जित निकाल्न सफल रह्यो । एपीएफ स्वयं परिवर्तनबाट गुज्रिरहेको स्थितिमा यो क्लबका लागि राम्रो हो ।

प्रशिक्षक जीवेश पाण्डे मान्छन्, अबको बाटो त्यति साह्रो सजिलो हुने छैन । किनभने अब त महिला फुटबलमा टिमहरूबीचको अन्तर पहिले जस्तो रहेन । फेरि विदेशी खेलाडीको संलग्नताले पनि समीकरण तलमाथि हुनेछ । पूर्वराष्ट्रिय खेलाडी रहेका पाण्डे यति तथ्यमा भने सहमत देखिए, बेन्चको परीक्षण गर्न सकिनेछ, नयाँ खेलाडी खोज्नमा आफ्नो ध्यान केन्द्रित गराउन सकिनेछ । यस्तो किनभन्दा एपीएफलाई लागेको छ, आफ्ना प्रमुख खेलाडी विदेशी लिगतिर जानेक्रम बढ्ने छ । 'अब हामीसँग कम्तीमा यसपल्ट सावित्रा भण्डारी र एन्जिला सुब्बा तुम्बापो हुने छैनन् । त्यसैले हामीले त्यसको विकल्प त खोज्नुपर्ने हुन्छ,' उनले सुनाए । उनको विश्लेषण पुलिस र आर्मीविरुद्धको सुरुआती दुवै खेल गाह्रो रह्यो । उनले भने, 'आक्रमणमा समस्या छ । अब त नयाँ खेलाडीलाई पनि अवसर दिनुपर्ने हुन्छ ।'

एपीएफको जितमा भने सविता रानागमर र गीता रानामगरले गोल गरेका थिए । आर्मीबाट विमला चौधरीले एक गोल फर्काइन् । यो नतिजापछि एपीएफको ४ अंक भएको छ भने आर्मी ३ अंकमै सीमित रह्यो ।



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा शनिबार त्रिभुवन आर्मी (रातो) र एपीएफ क्लबका खेलाडी प्रतिस्पर्धामा ।**

सातदोबाटोको एन्फा कम्प्लेम्समा भएको खेलमा सुरुआती पहिलो हाफमा आर्मी नै हाबी रह्यो । तर त्यसकै इन्ज्युरी समयमा एपीएफ कर्नरबाट सजिला गोल गर्न सफल रह्यो । कप्तान अनिता बस्नेतले कर्नरमा सविताले बललाई पोस्टको दिशा दिइन् । खेलले ५६ औं मिनेटमा आर्मी विमलाको गोलबाट खेलमा फर्किन सक्यो । विमला बिकको क्रसलाई उनले पेनाल्टी एरियाबाट गरेको प्रहार गोलमा परिणत भएको थियो । त्यसमा आर्मीकी गोलरक्षक सावित्री किसनसामु प्रतिक्रिया दिने अवसर पनि रहेन ।

एपीएफको निर्णायक गोल भने विपक्षी गोलरक्षक अञ्जना रानागमरको भुलमा सम्भव भएको थियो । अञ्जनाले अनिता केसीलाई बक्समा लडाएकी थिइन् र त्यसमा पेनाल्टीको निर्णय दिन रेफ्री प्रतीक घिमिरेलाई केही गाह्रो भएन । गोलको डर मान्ने स्थिति नहुँदा पनि अञ्जनाले फाउल खेलिन् र त्यसको प्रतिफल पनि बेहोरिन् । गीताले त्यही पेनाल्टीमा सजिलै गोल गरिन् र आफ्नो टिमलाई बहुमूल्य ३ अंक दिलाइन् । दोस्रो हाफ एकप्रकारले एपीएफकै पक्षमा रह्यो ।

टिमले त्यसको फाइदा पनि लिन सक्यो । खेलको स्थिति फेरिनुमा मध्यपंक्तिकी खेलाडी सरु लिम्बू प्रवेश गर्नु प्रमुख कारण रह्यो । चोटका कारण पछिल्लो केही समय आरामकै स्थितिमा रहेकी सुरुलाई पूरा ९० मिनेट खेलाउने जोखिम एपीएफले उठाउन सकेको छैन । तर उनको संलग्नतामा एएफपी बढी गतिशील देखिएको थियो । यसमा प्रशिक्षक पाण्डे पनि सहमत रहे । 'पक्कै पनि सरु मैदानमा छँदा त्यसको सकारात्मक प्रभाव देखिन्छ,' उनले भने ।

आर्मीका सहायक प्रशिक्षक टेकबहादुर बुढाथोकीलाई लागेको छ, आफ्ना खेलाडीले स-सानो व्यक्तिगत भुल गरिरहेका छन्, त्यसैले टिमलाई समस्या भएको छ । उनले भने, 'सुरुमै प्राप्त अवसर सदुपयोग गर्न सकेनौं र खेलाडी सम्भवतः केही आत्तिए । पहिले नै गोल निस्केको भए, सजिलो हुन्थ्यो । एपीएफले पेनाल्टीबाट गोल गर्दै अग्रता लिएपछि पनि हामीले प्रयास गरेकै थियौं, तर सकेनौं । हारका बावजुत पनि हाम्रो लक्ष्य उपाधिका लागि चुनौती पेस गर्ने नै रहनेछ ।'

# कालुङ्चोक क्रिकेट मैदान हस्तान्तरण

**कान्तिपुर संवाददाता** (सुर्खेत)

कर्णाली प्रदेश खेलकुद परिषद्ले निर्माण सम्पन्न भएको कालुङ्चोक क्रिकेट मैदान कर्णाली प्रदेश क्रिकेट संघलाई हस्तान्तरण गरेको छ । संघको दोस्रो वार्षिकोत्सव कार्यक्रममा परिषद्का सदस्य-सचिव विश्वामित्र सञ्ज्यालले प्रदेश अध्यक्ष एवं क्यान कोषाध्यक्ष पदमबहादुर खड्कालाई मैदान हस्तान्तरणको पत्र दिए ।

कालुङ्चोकमा तीन पिचसहित ६५ यार्डको क्रिकेट मैदान, तीनकोठे प्रिफेब घर, एक पानी टयाङ्कीसहितको मोबाइल शौचालयसहितका संरचना हस्तान्तरण गरिएको हो ।

यही मैदानमा असार ८ देखि १४ सम्म मुख्यमन्त्री कप क्रिकेट प्रतियोगिता आयोजना भइसकेको छ । प्रदेश अध्यक्ष खड्काले रंगशालाको अभावबीच कर्णालीमा क्रिकेटको विकास र विस्तार भइरहेको बताउँदै अब ठूला प्रतियोगिता आयोजना गर्न समस्या नहुने बताए । उनले प्रदेश राजधानी वीरेन्द्रनगरमै दुई क्रिकेट रंगशाला तयार भएकाले यसको संरक्षण र रेखदेखको जिम्मा क्रिकेटप्रेमीको भएको औंल्याए ।

क्रिकेट रंगशाला संरक्षणका लागि केन्द्रले ५ लाख रुपैयाँ छुट्याएको जानकारी गराइएको थियो । 'निकट भविष्यमै कर्णाली प्रदेशमा १० औं राष्ट्रिय खेलकुद आयोजना हुँदै छ,' उनले भने, 'त्यसका लागि क्रिकेट मैदानको रेखदेख र संरक्षणका लागि संघले आवश्यक रकम छुट्याएको हो ।'

उनले समयमै साधारणसभा आयोजना गर्ने जिल्ला र प्रदेश शाखालाई प्रोत्साहनस्वरुप ५० हजार र क्रिकेट गतिविधि आयोजनाका लागि थप एक लाख दिने निर्णय भएको बताए । उनले पहिलो चरणमा नेपालका १० जिल्लामा महिला क्रिकेटर प्रोत्साहन कार्यक्रम गर्न लागिएको बताए । ती १० जिल्लामा कर्णालीबाट दैलेख र सल्यान छनोट भएको छ ।

अध्यक्ष खड्काले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पहिलो पटक कर्णाली सहभागी हुने अवसर पाएको बताए । 'विगतमा सात टिम हुन्थे, वाग्मतीको प्रतिनिधित्व चितवनले गर्दथ्यो, काठमाडौंको छुट्टै टिम हुन्थ्यो,' उनले भने, 'अब एनपीएलमा कर्णाली आफ्नो पहिचानसहित सहभागी हुनेछ ।' उनले एनपीएल आयोजनाबाट संकलित रकम प्रदेश र जिल्लालाई समानुपातिक वितरण गरिने जनाए ।

कर्णाली खेलकुद परिषद्का सदस्य-सचिव सञ्ज्यालले क्रिकेट रंगशाला निर्माणसँगै अब खेलाडी उत्पादनमा ध्यान दिनुपर्ने बताए । उनले क्रिकेटप्रतिको बढ्दो लोकप्रियतालाई संघले ध्यान दिनुपर्ने बताए । 'गाउँगाउँमा क्रिकेट खेलको विकासका लागि स्कुल स्कुलमा आउटडोर नेट राखेर अभ्यास गर्ने बानी बसाल्नुपर्छ,' उनले सुझाए, 'यसो गर्न सकेको खण्डमा कर्णालीमा उत्कृष्ट खेलाडी उत्पादन गर्न सकिन्छ ।'

सदस्य सचिव सञ्ज्यालले प्रदेश राजधानी सुर्खेतमा दुई क्रिकेट मैदानका साथै इन्डोर र आउटडोर अभ्यासका लागि नेट राखिएको बताए । उनले पूर्वी सुर्खेतको मैनतडामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माणको पहल भइरहेको जानकारी गराए ।

# गोल्डेनगेट च्याम्पियन



काठमाडौं (कास)-गोल्डेनगेट कलेजले प्रथम अन्तरकलेज छात्रा बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ ।

रोयल स्पोर्ट्स सेन्ट्रलको कोर्टमा शनिबार फाइनलमा गोल्डेनगेटले जेभियर कलेजलाई ४२-४० को साँघुरो अन्तरले हरायो । गोल्डेनगेटकी सन्ध्या डंगोलले सर्वाधिक १८ अंक जोडिन् । प्रोफेसनल एडुकेसन कन्सल्टेन्सी (पीईसी) द्वारा आयोजित प्रतियोगितामा सन्ध्या मोस्ट भ्यालुएबल प्लेयर पनि भइन् ।

अत्तिरिक्त समयको खेल ३-१ ले आफ्नो पक्षमा पार्दै गोल्डेनगेटले उपाधि जितेको हो । निर्धारित समयमा ३९-३९ ले बराबरीमा स्कोर टुंगिएको थियो । गोल्डेनगेटले २० हजार र उपविजेता जेभियरले १० हजार नगदसहित ट्रफी र गिफ्ट ह्याम्पर प्राप्त गरे ।

# प्रतापलाई बर्थडे कप गल्फ

**कान्तिपुर संवाददाता** (काठमाडौं)

प्रतापबहादुर बोहराले १०७ औं आरएनजीसी ओपन बर्थडे कप गल्फ प्रतियोगिताको उपाधि जितेका छन् ।

रोयल नेपाल गल्फ क्लबमा स्टेबलफोर्ड फर्म्याटमा शनिबार भएको प्रतिस्पर्धामा उनले ४१ अंक जोडे । काउन्टब्याकमा ४० अंकसहित किशोर बस्नेत दोस्रा भए ।

ग्रसतर्फको उपाधि टासी छिरिङले जिते । उनले ३७ अंक बटुले । महिलातर्फ ३८ अंकसहित सुमित्रा खड्का विजेता भइन् । ३४ अंकसहित गीता गुरुङ दोस्रो भइन् । महिला सिनियरको उपाधि पुष्पा राईले जितिन् । उनले २८ अंक बटुलिन् ।

गणेश भण्डारीले सिनियर पुरुषतर्फ ३८ अंक बनाएर उपाधि जिते । सुपर सिनियरमा पवनजङ थापा विजेता भए ।

आरएनजीसी प्रोतर्फ प्रदीपकुमार लामा विजेता बने । उनले ६२ स्कोर गरे । ६६ स्कोरसहित किसन कालिराज सुनार दोस्रो भए । आरएनजीसी क्याडी पुरुषमा कृष्ण सिंहले ७२ स्कोर गरी उपाधि जिते । ७३ स्कोरसहित अनिल तामाङ दोस्रो भए । क्याडी महिलामा पार्वती सुवेदी ३० अंकसहित पहिलो भइन् । राष्ट्रिय टिमकी सदस्य सुष्मा सिग्देल दोस्रो भइन् । उनले काउन्टब्याक २१ अंक जोडिन् ।

जुनियरतर्फ यू-१७ ब्वाइजमा सुशान्त कँडेल २१ अंकसहित पहिलो र २० अंक बनाएका सोहम अग्रवाल दोस्रो भए । यू-१५ ब्वाइजमा विसन राई पहिलो भए । १४ अंक बनाएका उनले काउन्टब्याकमा उपाधि जितेका हुन । देवांश कुमार दोस्रो भए । जुनियर यू-१० ब्वाइजमा जेम्स खेन्जीले उपाधि जिते । देव जलान दोस्रो भए । यू-१७ गर्ल्समा १७ अंकसहित अवानी राई पहिलो र १२ अंकसहित अनभ्द्या मल्ल दोस्रो भए ।



तस्बिर : /कान्तिपुर

**आरएनजीसी वर्थडे कप गल्फ विजेता प्रतापबहादुर बोहरा (दायाँ) र उपविजेता किशोर बस्नेत ।**

प्रतियोगितामा बाबुकुमार पौडेलले लङ्गेस्ट ड्राइभ, निर्मलध्जव खाँडले क्लोजेस्ट टु दी पिन र संयोग शाहीले मोस्ट बर्डिजको उपाधि जिते । क्लब स्थापनाको १ सय ७ वर्ष पुगेको अवसरमा आयोजित प्रतियोगिताको समापनमा नेपालका पहिलो प्रो घनश्याम थापालाई लाइफटाइम एचिभमेन्ट अवार्ड प्रदान गरियो ।

विजेता खेलाडीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, आरएनजीसी अध्यक्ष मधुकर याक्थुम्बा, उपाध्यक्ष राजेन्द्र श्रेष्ठ, क्याप्टेन मिथुन राई, महिला क्याप्टेन आर्सिया बानु र घनश्याम थापाले पुरस्कार प्रदान गरे ।

# लिस्नु कपमा सम्पूर्णको जित

भैरहवा (कास)- लिस्नु नकआउट फुटबल प्रतियोगिताको उद्घाटन खेलमा सम्पूर्ण युवा क्लब तिलोत्तमाले देवदह ब्वाइज खैरेनी रूपन्देहीलाई ५-० ले पराजित गरेको छ । प्रतियोगिताको २२ औं सस्करण शनिबार तिलोत्तमा-१५ कोटिहवास्थित पशुपति माविको मैदानमा सुरु भएको हो ।

सम्पूर्णका खेलाडी सिर्जन गौतमले ह्याट्रिक गर्दा कप्तान पूर्णबहादुर गुरुङले २ गोल गरे । सिर्जनले मध्यान्तरअघि १ र दोस्रो हाफमा २ गोल गरे । पूर्णले दुवै हाफमा १-१ गोल गरे । विजेताले ३ लाख २५ हजार र उपविजतोले १ लाख ६५ हजार पुरस्कार पाउनेछन् । रूपन्देही, कपिलवस्तु, स्याङ्जा, पाल्पा र नवलपरासीका गरी १२ टिमको सहभागिता रहने आयोजक लिस्नु युवा क्लबका अध्यक्ष तीर्थराज मल्लले जनाए ।

आइतबार सञ्जीवनी युवा क्लब तिलोत्तमा-१४ र नवलपरासी-११ बीच प्रतिस्पर्धा हुने संयोजक कृष्ण गुरुङले बताए । प्रतियोगिताको उद्घाटन सांसद छविलाल विश्वकर्माले गरे ।

# काठमाडौं नाइट्स विजेता

काठमाडौं (कास)- अग्रवाल युवा मञ्चद्वारा आयोजित खेल महोत्सवअन्तर्गत क्रिकेटमा काठमाडौं नाइट्स र फुटसलमा गोल डिगर्स च्याम्पियन बनेका छन् ।

धन्यन्तरी स्पोर्ट्स हबमा भएको क्रिकेटमा स्पार्टन्स दोस्रो भयो । ११ विकेट लिनुका साथै १ सय ७१ रन बनाएका स्पार्टन्सका अमन जैन प्लेयर अफ द टुर्नामेन्ट र उत्कृष्ट बलर भए । राइडर्सका १ सय ५८ रन जोडेका आशुतोष घिरैया उत्कृष्ट ब्याटर चुनिए ।

फुटसलमा बुल्स एफसी दोस्रो भयो । अमन अग्रवाल उत्कृष्ट खेलाडी, केतन भीमसरिया उत्कृष्ट गोलरक्षक र ७ गोल गरेका ऋतिक अग्रवाल सर्वाधिक स्कोरकर्ता बने ।

पौडीको यू-१५ ब्वाइजमा कौतिक शर्मा र गर्ल्समा आहाना गोयल तथा यू-१० ब्वाइजमा लक्ष्य शर्मा र गर्ल्समा खायान्ना गडियाले स्वर्ण पदक जितेका थिए ।

ब्याडमिन्टनको महिला सिंगल्समा शिभाङ्गी र पुरुष सिंगल्समा राजीव पोदार विजेता भए । पुरुष डबल्समा विवेक अग्रवाल र रोहित अग्रवालको जोडी पहिलो भयो ।

टेबलटेनिसको यू-१५ ब्वाइज सिंगल्समा वैभव जैन, १५ वर्षमाथि ब्वाइज सिंगल्समा पुल्कित भीमसरिया र महिला सिंगल्समा विनिता जाजोडिया सर्राफले पहिलो स्थान हात पारे ।

URGENT REQUIREMENT
SALES & MARKETING REPRESENTATIVE
For electric motor, gear box, blower & pump
No. of Position : 1 (One)
Experience : 5 to 7 years in related field
Salary : Negotiable
Send your CV and related documents to the following address: dixit.panchal@newbharat.com
For any queries contact 9824035406
PUMP MONOBLOCK PUMP POWER TOOLS FIRE FIGHTING PUMP SOLAR PUMP GEAR BOX BLOWER ELECTRIC MOTOR GEARED MOTOR
NEW BHARAT™

# लामाचौरमा पुलिस च्याम्पियन

काठमाडौं (कास)- तीजका अवसरमा कास्कीमा भएको लामाचौर कप भलिबल प्रतियोगिताको पुरुषतर्फ नेपाल पुलिस क्लब च्याम्पियन बनेको छ ।

शनिबार फाइनलमा पुलिसले एपीएफलाई ३-२ को सेटमा हराएर उपाधि जितेको हो । नवआदर्श सामुदायिक विकास समाजले आयोजना गरेको राष्ट्रिय भलिबल च्याम्पियनसिपको शुक्रबार सकिनुपर्ने फाइनल खराब प्रकाशका कारण १-१ सेटको बराबरीमा रोकिए थियो । शनिबार बाँकी खेल खेलाइएको हो ।

साबिक उपविजेता पुलिसले पहिलो सेट २५-१६ को अग्रता बनायो । दोस्रो सेटमा २५-२१ ले आफ्नो पक्षमा पारेर एपीएफले खेल बराबरी गऱ्यो । त्यसपछि पुलिसले तेस्रो सेट २५-१९ आफ्नो पक्षमा पारेर खेलमा अग्रता लियो । चौथो सेटमा पुनः एपीएफ २५-२२ ले हाबी भयो । पाँचौं तथा अन्तिम सेट रोमाञ्चक भयो । पुलिसले अन्तिम सेटमा १६-१४ को नतिजा निकाल्दै उपाधि जितेको हो । पुलिसले १ लाख ५० हजार र उपविजेता एपीएफले १ लाख १ सय ११ रुपैयाँ पुरस्कार जिते । सर्वोत्कृष्ट खेलाडी पुलिसका सञ्जुविक्रम शाह घोषित भए । उत्कृष्ट सेटर पुलिसका बलराम गुरुङ, डिफेन्डर पुलिसका भीम गाहा, ब्लकरमा पुलिसका सफल बिक, सर्भर एपीएफका हेमन्त मल्ल, स्पाइकरमा एपीएफका विजय थापा चुनिए । प्रशिक्षक पुलिसका चन्द्र कुँवर घोषित भए । विधागत उत्कृष्ट हुने सबैले ५ हजार रुपैयाँ पाए ।



महिलातर्फ एपीएफ च्याम्पियन बनेको थियो । शुक्रबार फाइनलमा न्यु डायमण्ड स्पोर्ट्स एकेडेमीलाई ३-१ को सेटमा हराउँदै उपाधि जितेको हो । एपिएफकी जस्ना महतो सेटर, कविता भट्ट सर्भर, यमुना बराइली डिफेन्डर, डायमण्डकी सुमित्रा रेग्मी ब्लकर र सलिना बुढामगर स्पाइकरमा उत्कृष्ट घोषित भए । एपीएफकी पूजा चौधरी सर्वोत्कृष्ट खेलाडी भइन् ।

गत वर्ष महिलामा पुलिस र पुरुषमा गण्डकी प्रदेश च्याम्पियन बनेको थियो ।

JV OF CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME
MLRBP - IV
Government of Nepal in collaboration with Swiss Agency for Development & Cooperation
TRAINEESHIP OPPORTUNITY FOR FEMALE CIVIL ENGINEERS
**Swiss Agency for Development and Cooperation (SDC)** is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme (MLRBP)** in Nepal. On behalf of SDC, CIAS-MEH JV invites applications from **fresh female Engineers** holding Nepal Engineering Council License, for the traineeship positions to gain first-hand experience on engineering and management in Motorable bridge building.
**Title: Trainee Engineer - 14 positions**
**Qualification :** **Fresh Graduates**, holding Nepal Engineering Council License, who had completed **Bachelors** in Civil Engineering from December 2022 and onwards
**Duty station :** Provincial offices potentially from December 2024 to May 2025
It is **mandatory** for the selected trainees to complete the full traineeship programme
**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit the website at www.lrbpnepal.org and submit application through online portal. Detail job description is available in the website.
Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. LRBSU/CIAS-MEH JV reserves the right to reject any or all applications.
**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups. The traineeship opportunity is for female only, preferably from Dalit, Janjati, Madhesi/Terai caste/ethnicity, ethnic and religious minorities and discriminated Newar castes.**
**Deadline for submission of application: 18 September 2024**




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान